# रोल्पा नगरपालिकाको स्थानीय पाठ्यक्रम-२०७८

आधारभूत शिक्षा कक्षा (४-५)

# रोल्पा नगरपालिकाको स्थानीय पाठ्यक्रम

## २०७८

**परीक्षणको लागी**

रोल्पा नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

## शिक्षा,युवा तथा खेलकुद शाखा

लिवाङ रोल्पा

सल्लाहकार

श्री पुर्ण के.सी. - नगर प्रमुख

श्री मनकुमारी घर्तीमगर - नगर उपप्रमुख

श्री मोहन पौडेल- प्रमुख प्रशासकिय अधिकृत

## पाठ्यक्रम निर्माण कार्यदल

श्री महेन्द्र पराजुली नगर शिक्षा अधिकारी (उप-सचिव) - संयोजक

श्री खिमबहादुर घर्ती - सदस्य

श्री मधुसुदन पोख्रेल- सदस्य

श्री विना मल्ल- सदस्य

श्री खलसिह बुढा मगर - सदस्य

श्री कृष्णबहादुर पुनमगर - सदस्य

श्री पुर्णविक्रम घर्तीमगर- सदस्य

श्री ओविलाल महरा- सदस्य

श्री कर्णबहादुर पुनमगर - सदस्य सचिव

मन्तब्य

सवै विकासका पुर्वाधारको पनि पुर्वाधार शिक्षा भएकोले योग्य, दक्ष, क्षमतावान, उत्पादनशील एवम् नैतिकवान मावन संसाधन विकासका लागि शिक्षाप्रणाली र यसको विषयवस्तु ब्यक्ति, समाज र राष्ट्रको आवश्यकता अनुकुल हुनु पर्दछ। एक्काइसौ शताब्दीको शिक्षाले ब्यक्तिमा मानवियता, नैतिकता, सहकार्यता ब्यवसायकिता तथा उत्पादनशीलता, सकारात्मक सोच, विश्लेषणात्मक चिन्तन जस्ता सीपहरुको अपेक्षा गर्दछ । सीप, दक्षता, ज्ञान र प्रविधिमा आधारित कामको संसार नै अर्थतन्त्रको प्रमुख संवाहक क्षेत्रकोरुपमा अगाडी देखा परिरहेको बर्तमान सन्दर्भमा एकातर्फ अन्तराष्ट्रिय प्रतिस्पर्धामा उत्रन सक्ने विषयगत दक्षता आवश्यक पर्दछ भने अर्को तर्फ आफ्नो धरातलीय यथार्थ र सम्भावनालाई पहिचाहन गरि त्यसलाई आर्थिक र सामाजिक मुल्यकारुपमा विकास गर्न सक्ने कौशल र सोचको आवश्यकता पर्दछ। उपरोक्त तथ्यहरुलाई मध्यनजर गरी विद्यार्थीहरुमा आफ्नो स्थानीय संस्कृति, भाषा, ज्ञान, सीप, सम्पदा र आर्थिक विकासको सम्भावनाहरुको वोध गराइ आफ्नो पहिचान प्राप्त गर्ने अवसरको रुपमा स्थानीय पाठ्यक्रमको विकास गर्नु पर्ने हुन्छ। यस रोल्पा नगरपालिकाद्वारा निर्माण गरिएको पाठ्यक्रम पनि यहि उद्देश्यमा परिलक्षित रहेको छ ।

रोल्पा नगरपालिकाको स्थानीय प्राकृतिक, सास्कृतिक, आर्थिक तथा श्रम, सिप, पेशा ब्यवसाय, र ब्यवहार कुशलसीप विकास गर्ने गरि रोल्पा नगरपालिकाले आधारभुत तह (कक्षा१-३) को स्थानिय पाठ्यक्रम विकास गरि परीक्षणकोरुपमा शैक्षिक सत्र २०७६ देखि कार्यान्वयनमा ल्याईएको छ । यस पाठ्यक्रमको कार्यान्वयन संगै बालबालिकाले आफ्नो प्राकृतिक बातावरणसगँ परिचित भई यसको संरक्षण संम्बर्धन गर्न, स्थानीय पेशा ब्यवसायसंग परिचित भई यसको महत्व बुझ्न, अवलम्वन र विकास गरी प्रविधिसंग जोड्न, भाषा, संस्कृर्तिको संरक्षण र विकास गर्न, दैविक तथा प्राकृतिक प्रकोप तथा महामारी जस्ता विपदबाट सजग हुन, बच्न र बचाउन, ब्यवहार कुशल सीपको विकास गरी जीवनोपयोगी गुणस्तरीय शिक्षा हासिल गरि आफ्नो क्षमता, प्रतिभाको प्रस्फुटन र विकास गर्न सक्ने स्वावलम्बी, सिकाई प्रति उत्प्रेरित तथा ज्ञान र ब्यवहार निर्माणमा संग्लन हुने, मानविय मूल्य मान्यतामा प्रतिबद्ध, कर्तब्य र अधिकारप्रति सचेत समालोचनात्मक चेतनायुक्त, समुदायमुखी, विवेकशील र नैतिकबान जस्ता गुणवान तथा क्षमतावान नागरिक वनाउन यस रोल्पा नगरपालिकको स्थानीय पाठ्यक्रम आधारशिला हुने छ ।

अन्तमा जनप्रतिनिधि, नीति निर्माता, शिक्षक, विद्यार्थी, अभिभावक, संचारकर्मी सम्बद्ध सरोकारवालाको सकारात्मक सुझाव, सहयोग र सामुहिक प्रयासबाट मात्र रोल्पा नगरपालिकालाई गुणस्तरीय जीवनोपयोगी शैक्षिक हवकोरुपमा विकास गरि शिक्षित समृद्ध रोल्पानगरपालिका वनाउने अभियान सफल हुने हुदा स्थानीय पाठ्क्रम कार्यान्वयनका लागी सकृय सहभागिता जनाई अग्रगामी सुधारको लागी सकारात्मक सुझाव तथा योगदानको लागी सवैमा अपेक्षा एवम् अनुरोध गर्दछु ।

पुर्ण के.सी.
नगर प्रमुख

# बिषय सूची

## खण्ड क

क्र.स. विषयवस्तु
१.परिचय
२.शिक्षाको राष्ट्रिय उदेश्य
३.विद्यालय शिक्षाको तहगत संरचना
४.विद्यालय शिक्षाको पाठ्यक्रम संरचना

## खण्ड ख

## रोल्पा नगरपालिकाको स्थानीय पाठ्यक्रम

१. पृष्ठभूमि
२. परिचय
३. आवश्यकता र औचित्यता
४. तहगत सक्षमता
५. रोल्पा नगरपालिकाको स्थानीय पाठ्यक्रम क्षेत्र र ढाचाँ
६. स्थानिय पाठ्यक्रमको क्षेत्र र क्रमतालिका
७. कक्षागत सिकाइ उपलब्धिको विस्तृतीकरण(कक्षा-४)
८. कक्षागत सिकाइ उपलब्धिको विस्तृतीकरण (कक्षा -५)
१०. शिक्षण सिकाइ विधि र समय निर्धारण
११. विद्यार्थी मुल्याङ्कन
१२. विद्यार्थी मुल्याङ्कनका सामान्य तरीका तथा साधनहरु
१३. विद्यार्थी उपलब्धि स्तर र त्यसको सामान्य ब्याख्या
१४. पाठ्यक्रम परीक्षण तथा कार्यान्वयन योजना

परिचय

राष्ट्रको शिक्षा नीति तथा राष्ट्रिय पाठ्यक्रम प्रारुपले मार्ग निर्देशन गरेको लक्ष्य,उद्देश्य तथा प्रकृया अनुरुप शिक्षा पद्धतिको संचालनको मुल आधारकोरुपमा पाठ्यक्रम रहेको हुन्छ । राष्ट्र तथा सरकारले लिएको शिक्षा नीतिलाई पुरा गर्ने माध्यम नै पाठ्यक्रम हो । पाठ्यक्रममा विद्यालयद्वारा बालबालिकाहरुलाई प्रदान गरिने ज्ञान, सीप, अभिवृद्धि तथा सम्पुर्ण अनुभवहरु ब्यवस्थित गरिएको हुन्छ । पाठ्यक्रमले निश्चित कक्षा वा तहको अध्ययन पुरा गरेपछि विद्यार्थीहरुले हासिल गर्ने सक्षमता र ति सक्षमतालाई हासिल गर्नका लागी विषयगत रुपमा प्राप्त गर्नु पर्ने सिकाइ उपलब्धि प्राप्तिका लागि मार्गदर्शन गर्दछ । पाठ्यक्रममा सिकारुले हासिल गर्नुपर्ने सक्षमता तथा सिकाइ उपलब्धि र ती सक्षमता तथा सिकाइ उपलब्धि प्राप्तिका लागि आवश्यक विषयवस्तु लगाएत सिकाइ उपलब्धि प्राप्तिका लागि आवश्यक निर्देशन सहितको सिकाई योजनारुपमा बालबालिकाको सिकाइलाइ मार्गदर्शन गर्न आवश्यक तत्व समावेश गरिएको हुन्छ । यसमा सिकारुको पुर्व सिकाइ अनुभव, उसको परिवेश तथा पृष्ठभूमि रुचि र क्षमता सहितको वर्तमान आवश्यकता अनुमान गरि उनीहरुले हासिल गर्नुपर्ने ज्ञान, सिप, अभिवृति सहितका सक्षमताहरु समेतिएको हुन्छ ।

राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ तथा एकिकृत पाठ्यक्रम (कक्षा १-३) २०७६ ले कक्षा १-३ मा ५ पाठ्यघण्टा तथा बार्षिक १६० कार्यघण्टा सहितको मातृभाषिक सिप/स्थानीय विषयवस्तु सम्बन्धि कृयाकलापकोरुपमा स्थानीय विषयकोरुपमा ब्यवस्था गरेको छ । यस विषयवस्तुको सिकाइ सहजिकरण सुनिश्चिताको लागी सम्बन्धित स्थानिय सरकार र विद्यालयले मातृभाषा वा स्थानिय विषय वस्तु समावेश गरि पाठ्यक्रम निर्माण, विकास तथा कार्यान्वयन गर्ने ब्यवस्था भए बमोजिम रोल्पा नगरपालिकालेपनि कक्षा १-३ को लागी स्थानिय विषयवस्तुसमावेश भएको पाठ्यक्रम निर्माण विकास गरि शैक्षिक सत्र २०७७ देखि रोल्पा नगरपालिकाका सवै सामुदायिका तथा संस्थागत विद्यालयमा परीक्षणको रुपमा यो पाठ्यक्रम ल्याइएको छ । पाठ्यक्रम आफैमा एउटा गतिशिल दस्तावेज  भएकोले परीक्षणमा देखिने राम्रा अभ्यासको निरन्तरता र समस्या पहिचान र समाधान गर्दैसरोकारवाला, विज्ञ, शिक्षक,  विद्यार्थी तथा अभिभावकबाट प्राप्तहुनेरचनात्मक एवम् सकारात्मक सुझाव समावेश गर्दै राजनैतिक, सामाजिक, आर्थिक, प्रविधिमा भएको विकास ,बालबालिकाको रुचि,क्षमता,आवश्यकता सगै तादाम्यता कायम गर्दै पाठ्यक्रम परिमार्जन तथा विकास  निरन्तररुपमा हुने छ ।

१. विद्यालय शिक्षाको राष्ट्रिय उद्देश्य

राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ अनुसार विद्यालय शिक्षाका  राष्ट्रिय उद्देश्यहरु  निम्नानुसार हुने छन्

(क)प्रत्येक ब्यक्तिमा अन्तर्निहित प्रतिभाको प्रस्फुटन गरी ब्यक्तित्व विकास गर्ने

(ख)सङ्घीय लोकतान्त्रिक गणतन्त्रका मुल्य तथा मान्यताप्रति प्रतिबद्ध, राष्ट्र र राष्ट्रियता प्रति बफादार स्वाभिमानी ,सामाजिक तथा सास्कृतिक विविधतालाई सम्मान गर्ने , नैतिकवान् एवम् जिम्मेवार नागरिक तयार गर्ने ।

(ग) श्रमप्रति सम्मान एवम् सकारात्मक सोच भएका, रोजगार तथा स्वरोजगार उन्मुख, उत्पादनमुखि,उद्‌मशील र सीपयुक्त नागरिक तयार गर्ने।

(घ)ब्यक्तिको सामाजिकीकरणमा सहयोग गर्दै सामाजिक सद्भाव तथा सहिष्णुता र राष्ट्रिय एकता सुदृढ गर्न सहयोग पुर्याउने ।

(ङ) प्राकृतिक तथा राष्ट्रिय सम्पदा पर्यावरणको  संरक्षण, संवर्धन र सदुपयोग गर्दै दिगो विकासमा योगदान गर्ने सचेत नागरिक तयार गर्ने ।

(च)प्रत्येक  ब्यक्तिमा  शान्ति ,मानव अधिकार, समानता , समावेशिता  र सामाजिक  न्यायका मान्यता अनुरुपको  आचरण विकास गरी समतामुलक , समावेशी, न्यायपुर्ण र समाजवादउन्मुख  राष्ट्र निर्माणमा मदत् गर्ने ।

(छ)राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा प्रतिस्पर्धी , आधुनिक सुचना तथा संचार प्रविधि प्रयोग गर्न सक्ने विश्वोपरिवेश सुहाउदो  दक्ष जनशक्ति तयार गर्ने ।

(ज)वैज्ञानिक अवधारणा, तथ्य, सीप, सिद्धान्त तथा प्रविधिको प्रयोग गर्न सक्ने वैज्ञानिक सुझबुझ भएका र खोज तथा अनुसन्धानमुखी  जनशक्ति तयार गर्ने ।

(झ)रचनात्मक तथा समालोचनात्मक चिन्तन गर्ने , जीवनोपयोगी सिप भएका सहिष्णु र भाषिक सक्षमतामा निपुण नागरिक तयार गर्ने ।

(ञ)नेपाली मौलिक कला , सस्कृति, सौन्दर्य आदर्श तथा वैशिष्ट्यहरुको संरक्षण संवर्धन र विस्तारतर्फ अभिप्रेरित भएका,नेपाली पहिचाहनजीवनशैली प्रति गौरव गर्ने नागरिक तयार गर्ने ।

(ट) जलबायु परिवर्तन तथा प्राकृतिक एवम् मानव सिर्जित प्रकोपप्रति सचेत रही सम्भावित जोखिम न्यूनिकरण तथा विपद ब्यवस्थापन गर्न सक्षम नागरिक तयार गर्ने ।

(ठ)सामाजिक न्यायमा आधारित समृद्ध राष्ट्र निर्माणका निम्ति आवश्यक मानव संसाधनको विकास गर्ने ।

२ विद्यालय शिक्षाको तहगत संरचना

राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ ले विद्यालय शिक्षालाई प्रारम्भिक वालविकास र शिक्षा,आधारभूत र माध्यमिक गरी तीनतहमा बाडेको छ । भने आधारभुत तहको कक्षा १ मा प्रवेश गर्नु पुर्व १ बर्षको प्रारम्भिक बालविकास र शिक्षाको ब्यवस्था गरेको छ । विद्यालय शिक्षाको संरचनामा कक्षा १ देखि ८ सम्म आठ बर्ष अवधिको आधारभुत शिक्षा र कक्षा ९ देखि १२ सम्म चार बर्षको अवधि माध्यमिक शिक्षा कायम गरिएको छ । माध्यमिक शिक्षा साधारण, प्राविधिक तथा व्यावसायिक र परम्परागत गरी तीन धारको हुने उल्लेख गरिएको छ ।

२.१ विद्यालय शिक्षाको तहगत र कक्षागत संरचना

| विद्यालयको तह | कक्षा | उमेर समुह | सिकाइ क्षमतास्तर |
|---|---|---|---|
| प्रारम्भिक बालविकास र शिक्षा | प्रारम्भिक बालविकास र शिक्षा | ४ बर्ष | |
| आधारभूत | कक्षा १-३ | ५ देखि ७ बर्ष सम्म | तह १ |
| | कक्षा ४-५ | ८ देखि ९ बर्ष सम्म | तह २ |
| | कक्षा ६-८ | १० देखि १२ बर्ष सम्म | तह ३ |
| माध्यमिक | कक्षा ९-१० | १३ देखि १४ बर्ष सम्म | तह ४ |
| | कक्षा ११-१२ | १५ देखि १६ बर्ष सम्म | तह ५ |

२.२ विद्यालय शिक्षाको पाठ्यक्रम संरचना

विद्यालयतहको पाठ्यक्रम संरचना निम्नानुसार रहेको छः

१ प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम संरचना

| क्रस | सिपका क्षेत्रहरु | सीपहरु | बार्षिक समय घण्टामा |
|---|---|---|---|
| १ | आधारभुत सिप सिकाईको क्षेत्र | (क) शारीरिक सीप<br>(ख) संवेगात्मक सीप<br>(ग)सामाजिक,सास्कृतिक र नैतिक सिप | ३८४ |

| | | | |
|---|---|---|---|
| | | (घ) बौद्धिक तथा मानसिक सीप<br>(ङ) स्वास्थ्य पोषण र सुरक्षा र वातावरण सिप<br>(च) सिर्जनात्मक सिप | |
| २ | विषयगत सिप सिकाइक्षेत्र | क) भाषिक सिप<br>ख) पुर्व गणितीय सिप<br>ग)दृश्यकला, कार्यतरिका र सिर्जनशीलता<br>घ) वरपरको वातावरण<br>ङ) सामाजिक सिप | १९२ |
| जम्मा | | | ५७६ |

(उपर्युक्त तालिकामा उल्लिखित क्रियाकलाप र समयबाहेक मनोरञ्जन क्रियाकलाप बाह्य खेल र आराम गर्ने समय गरी कम्तिमा दैनिक १ घण्टाको दरले बर्ष भरिमा २५६ घण्टा सम्म बार्षिक समय थप हुन सक्ने छ ।)

२ आधारभुत शिक्षा (कक्षा १-३)को पाठ्यक्रम संरचना

| क्र.स. | विषय सम्बन्धि कृयाकलाप | पाठ्यघण्टा | बार्षिक कार्य घण्टा |
|---|---|---|---|
| १ | भाषिक सिप विकास सम्बन्धि क्रियाकलाप(नेपाली ) | ५ | १६० |
| २ | भाषिक सिप विकास सम्बन्धि क्रियाकलाप(अंग्रेजी ) | ४ | १२८ |
| ३ | गणितिय सिप विकास सम्बन्धि क्रियाकलाप | ४ | १२८ |
| ४ | विज्ञान स्वास्थ्य र शारीरिक शिक्षा सामाजिक अध्ययन चारित्रिक विकास तथा सिर्जनात्मक कला सम्बन्धी क्रियाकलाप(मेरो सेरोफेरो) | ८ | २५६ |
| ५ | मातृभाषिक सिप/ स्थानीय विषयबस्तु सम्बन्धी क्रियाकलाप | ५ | १६० |
| | जम्मा | २६ | ८३२ |

पठनपाठन सञ्चालनका लागि उपयोग भएको ३२ घण्टाको समयावधिलाई १ पाठ्यघण्टा(credit hour) मानिएको छ ।

३आधारभुत शिक्षा(कक्षा ४-५)को पाठ्यक्रम संरचना

| क्र.स. | विषय | पाठ्यघण्टा | बार्षिक कार्य घण्टा |
|---|---|---|---|
| १ | नेपाली | ५ | १६० |
| २ | अंग्रेजी | ५ | १६० |
| ३ | गणित | ५ | १६० |

| | | | |
|---|---|---|---|
| ४ | विज्ञान तथा प्रविधि | ५ | १६० |
| ५ | सामाजिक अध्ययन तथा मानव मुल्य शिक्षा | ५ | १६० |
| ६ | स्वास्थ्य शारीरिक तथा सिर्जनात्मक कला | ३ | ९६ |
| ७ | मातृ भाषा / स्थानीय विषय | ४ | १२८ |
| जम्मा | | ३२ | १०२४ |

पठनपाठन सञ्चालनका लागि उपयोग भएको ३२ घण्टाको समयावधिलाई १ पाठ्यघण्टा(credit hour) मानिएको छ ।

४ आधारभूत शिक्षा कक्षा (६-८) को पाठ्यक्रम संरचना

| क्रस | विषय | | | | |
|---|---|---|---|---|---|
| | साधारण | संस्कृत शिक्षा/गुरुकुल/वेद विद्याश्रम शिक्षा | गोन्पा तथा विहार/मदर्सा शिक्षा | पाठ्यघण्टा | बार्षिक कार्यघण्टा |
| १ | नेपाली | नेपाली | नेपाली | ५ | १६० |
| २ | अङ्ग्रेजी | अङ्ग्रेजी वा संस्कृत | अङ्ग्रेजी | ५ | १६० |
| ३ | गणित | गणित | गणित | ५ | १६० |
| ४ | विज्ञान तथा प्रविधि | विज्ञान तथा प्रविधि वा संस्कृत ब्याकरण | विज्ञान तथा प्रविधि | ५ | १६० |
| ५ | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा वा कर्मकाण्ड | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | ५ | १६० |
| ६ | स्वास्थ्य तथा शारिरीक शिक्षा (सिर्जनात्मक कला सहित) | संस्कृत भाषा | स्थानीय विषय वा बौद्ध शिक्षा वा सम्भोटा ब्याकरण वा अन्य वा आचार शिक्षा (दिनियात) वा कुरान(अरेविक) | ३ | ९६ |
| ७ | मातृभाषा वा स्थानीय विषय वा संस्कृत भाषा | वेद वा नीति शास्त्र | भोटभाषा वा पाली भाषा वा संस्कृत वा | ४ | १२८ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | अन्य भाषा वा उर्दु भाषा | | |
| जम्मा | | | | ३२ | १०२४ |

**४ आधारभुत  शिक्षाका तहगत सक्षमता**

आधारभूत शिक्षा (कक्षा १-८)का तहगत सक्षमता

आधारभूत शिक्षाले विद्यार्थी केन्द्रित शिक्षाका माध्यमद्वारा वालवालिकामा अन्तरनिहित  प्रतिभाको विकास गर्ने लक्ष्य राखेको छ । यस तहको शिक्षाको मुख्य उदेश्य राष्ट्रप्रेम र लोकतन्त्रमा विश्वास गरी राष्ट्रियताको संरक्षण र संवर्धन गर्ने अधिकार र कर्तव्यको पालनासहित स्वतन्त्रताको सम्मान गर्ने सामाजिक र प्राकृतिक वातावरण प्रति सचेत भई मानविय मुल्यमान्यता अनुकुल व्यवहार गर्ने कर्तव्यनिष्ठ नागरिक उत्पादन गर्ने हो यस तहको शिक्षाप्राप्त गरिसकेका वालवालिकाहरु आफ्ना विचार आदानप्रदान एवम् दैनिक जीवनमा आइपर्ने व्यवहारिक समस्या समाधान  गर्न सक्षम स्वावलम्वी परिश्रमी वैज्ञानिक सुझबुझ भएका स्वास्थ्य प्रति सचेत र नैतिकवान हुनेछन् । विद्यालय शिक्षा अन्तरगत आधारभुत शिक्षा (कक्षा१-८)का विद्यार्थीले हासिल गर्ने सक्षमताहरु निम्न बमोजिम हुने छनः

१. देशप्रेम तथा राष्ट्रिय एकताको भावना एवम् लोकतान्त्रिक मूल्य मान्यता तथा संस्कार व्यवहारमा प्रदर्शन गर्न ।

२. भाषिक तथा संचार सिपको विकास र व्यावहारिक सिर्जनात्मक एवम् सान्दर्भिक प्रयोग गर्न ।

३. सूचना र विचारहरुको आदान प्रदान गर्न विश्लेषण तथा सूचना प्रविधिको समुचित प्रयोग गर्न ।

४. तार्किक तथा व्यावहारिक गणितिय ज्ञान सिप एवम् अभिवृति विकास र प्रयोग गर्न ।

५. वैज्ञानिक अवधारणा तथ्य सिद्धान्त र नियम प्रतिको जिज्ञासा एवम् वोध र व्यावहारिक जीवनमा प्रयोग गर्न ।

६. मानविय मुल्य र मान्यता एवम् सामाजिक गुणको विकास तथा नागरिक कर्तब्यप्रति सजगता ।

७. जनसंख्या वातावरण संरक्षण र दिगो विकास विचको अन्तरसम्वन्धको वोध र व्यवस्थापनमा सहयोग।

८. शारीरिक तन्दुरुस्ती स्वस्थकर जीवन शैलि र जिवनोपयोगी सिप (Life skills)को विकस ।

९ स्थानिय ,आधुनिक पेशा व्यवशाय र प्रविधि एवम्  श्रम प्रति सम्मान तथा व्यवहार कुशल सिप (soft skills )को प्रयोग ।

१०. नेपाली कला ,साहित्य र संस्कृतिको संरक्षण तथा सम्वर्धन एवम् सिर्जनशीलताको विकास र प्रयोग ।

११. राष्ट्रिय तथा अन्तराष्ट्रिय परिवेश संग परिचित भई विविधता ,विश्वबन्धुत्व र सहअस्तित्व वोध तथा स्वीकार ।

१२. दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्याको पहिचान, विश्लेषण तथा समाधान ।

**५ आधारभूत शिक्षा(कक्षा१-३) का तहगत सक्षमता**

आधारभूत शिक्षा कक्षा १-३ को उदेश्य वालवालिकालाई आधारभूत साक्षरता ,गणितीय ज्ञान  तथा सिप र जीवनोपयोगी सिपहरुका साथै व्यक्तिगत स्वास्थ्य तथा सरसफाइ सम्वन्धि बानीको विकास गर्ने अवसर प्रदान गर्नु हो । आधारभुत शिक्षाको माध्यमवाट वालवालिकाहरु आफुरहेको प्रकृतिक तथा सामाजिक

वातावरणसँग परिचित र सचेत हुने छन् । यस तहको पाठ्यक्रम वालवालिकाको उमेर र क्षमता एवम् रुचिलाई ध्यान दिई एकिकृत सिद्धान्त अनुसार विकास गरिएको छ । आधारभूत शिक्षा (कक्षा१-३)का सक्षमता देहायबमोजिम हुने छ्नः ।

१. आधारभूत भाषिक तथा सञ्चार सिपको विकास र प्रयोग

२. आधारभूत गणितीय अवधारणा र सिपको विकास र प्रयोग

३. अनुशासन ,सदाचार र स्वावलम्बन जस्ता सामाजिक एवम् चारित्रिक गुणको विकास

४. विज्ञान ,वातावरण, सूचना प्रविधि सम्वन्धि आधारभूत ज्ञानको विकास

५. शारीरिक तन्दुरुस्ती, स्वस्थकर बानी र जीवनपयोगी सिप (life skills )को विकास

६. कला सौन्दर्य प्रति अभिरुचि र सिर्जनात्मकताको विकास

७. आफ्नो परिवेशसँग परिचित भंई विभिन्न जातजाति,धर्म,भाषा,संस्कृति,क्षेत्रप्रति सम्मान र समभावको विकास

**आधारभूत शिक्षा ( कक्षा ४-५)का तहगत सक्षमता**

१. देश प्रेमको भावना एवम लोकतान्त्रिक मूल्यमान्यता र संस्कारको विकास आधारभूत भाषिक तथा संचार सिपको विकास र ब्यवहारिक प्रयोग

२.आधारभूत गणितीय अवधारणा र सिपको विकास र प्रयोग

३. नैतिकता अनुशासन सदाचार र स्वाभलम्बन जस्ता सामाजिक मूल्यमान्यता एवम् चारित्रिक गुणको विकास

४. विज्ञान वातावरण सूचना प्रविधिसम्बन्धी आधारभूत ज्ञान सिपको विकास

५. शारीरिक तन्दुरुस्ती स्वस्थ्यकर बानी सरसफाइ र जीवनोपयोगी सीप(Life skill) तथा ब्यवहारकुशल सीप (Soft sKills) को विकासकला तथा सौन्दर्यप्रति अभिरुचि सिर्जनात्मक र समालोचनात्क सिपको विकास

६.आफ्नो परिवेशसग परिचित भइ विभिन्न जातजाति धर्म भाषा संस्कृति क्षेत्रप्रति सम्मान र समभावकको विकास

**खण्ड-२**

## स्थानीय विषयको  पाठ्यक्रमको परिचय

### १.पृष्ठभूमी

नेपाल भौगोलिक सामाजिक आर्थिक जैविक सांस्कृतिक धार्मिकरुपले विविधता युक्त देशहो । त्यसैले केन्द्रिय तहबाट निर्माण गरिने पाठ्यक्रमले सवै स्थानिय आवश्यकतालाई पुर्णरुपमा सम्बोधन गर्न सम्भव हुदैन। शिक्षाक्षेत्रको संतुलित र समुचित विकासको लागी स्थानीय रुची, माग, विज्ञता र आवश्यकताको सम्वोधन हुनैपर्छ । यसका लागी स्थानीय आवश्यकता , स्थानीय विषयवस्तु तथा स्थानीय सहभागीता र विज्ञतालाई प्रयोग गरी स्थानीय पाठ्यक्रम निर्माण र विकास र प्रयोग गर्नु पर्छ। नेपालमा स्थानीय पाठ्यक्रमको सम्बन्धमा ऐतिहासिक रुपमा हेर्ने हो भने अनौपचारिक रुपमा परापुर्वकाल देखि चलनचल्तीमा रहेको पारिवारिक शिक्षा सम्म पुग्न सकिन्छ । यसमा परिवारको जेष्ठ सदस्यले आफु भन्दा साना कनिष्ठ सदस्यालाई पेशागत ज्ञान र सीप दिने, पारिवारीक मुल्य मान्यता र चालचलन  सिकाउने प्रचलन स्थानीय पाठ्यक्रम नै थियो । गुरुकुल, गुम्वा, मदरसा, मुन्धुम जस्ता धार्मिक शिक्षामा गुरुले चेलालाई सिकाउने विषय वस्तु र सिकाई प्रकृयालाई समेत स्थानीय पाठ्यक्रमकोरुपमा मानिएको छ । वि.स. २०२८ मा  देश भरि एकै शिक्षा पद्धतिलाई एकरुपता कायम गर्न राष्ट्रिय शिक्षा पद्धतिको योजना लागु गरियो । यसले देशै भरि एकै प्रकारको पाठ्यक्रमको आवश्यकता महसुस गरे पछि शिक्षामा अत्याधिक केन्द्रीकरण भयो । तथापि  यस प्रकारको  विभिन्न ऐच्छिक विषय राख्न पाउने प्रावधानले स्थानीय आवश्यकतालाई सम्बोधन गर्ने जमर्को  गरेको थियो ।  सर्वप्रथम प्राथमिक शिक्षा पाठ्क्रम २०४९ ले स्थानिय विषय वा भाषा मध्ये कुनै एक विषय पढाउन पाउने ब्यवस्था गरि साप्ताहिक ३ पाठ्यभार र १०० पुर्णाङ्कको ब्यवस्था गरेको थियो । प्राथमिक शिक्षा पाठ्यक्रम २०६२ र २०६५ ले प्राथमिक तह १-५ मा स्थानीय विषय/मातृभाषाका विषयलाई पाठ्यभार ४ र पूर्णाङ्क १०० रहने ब्यवस्था गरेको छ । त्यसै गरि एकिकृत पाठ्यक्रम आधारभूत तह (कक्षा १-३)२०७६ ले पाठ्यघण्टा ५ र बार्षिक कार्यघण्टा १६० रहने मातृभाषिक सिप /स्थानिय विषयबस्तु सम्वन्धी कृयाकलाप विषयको ब्यवस्था गरेको छ ।

**२.परिचयः** स्थानीय सरकार तथा सरोकारवालाहरुको सहभागितामा स्थानीय आवश्यकता अनुसारको विषयवस्तु समावेश गरि निर्माण र कार्यान्वयन हुने पाठ्यक्रम नै स्थानीय पाठ्यक्रम हो ।यो पाठ्यक्रमले स्थानीयतालाई जोडदिदै स्थानीय सरोकारवालाहरुको आवश्यकता,चाहना,स्थानीय ज्ञान सीप र प्रविधिलाई समेटी स्थानीयहरुकै सहभागितादवारा निर्माण कार्यान्वयन र विकास गरिन्छ। यसले समुदायको आवश्यकताको साथसाथै सिकारुको रुचि,उमेर,स्तर र स्रोतसाधनलाई विशेष ध्यान दिन्छ । सिकारुलाई सिक्नमा उत्प्रेरित गर्छ र सिकाइलाई स्थायी तथा ब्यवहारीक बनाउछ । यसले शिक्षक र विद्यार्थी र समुदाय विच सामिप्यता ल्याई समाज, राष्ट्रप्रति उत्तरदायी र जवाफदेही हुन सिकाउनुका साथै परम्परा, मूल्यमान्यता लाई जगेर्ना गर्ने गर्दछ । स्थानीय पाठ्यक्रमले परम्परागत सीप, प्रविधि तथा नयाँ सिप र प्रविधिलाई उत्पादन सँग जोडि समृद्धि हासिल गर्न सहयोग पुर्याउछ ।

**३.आवश्यकता र औचित्यता**

रोल्पा नगरपालिका रोल्पा जिल्लाको ऐतिहासिक, धार्मिक, सांस्कृतिक एवम् पर्यटकिय महत्व र सम्भावना सहितको स्थानीय सरकार हो । यहाँ भाषिक ,सांस्कृतिक र भौगोलिक लयागतका विविधताहरु रहेका छन् । नगरपालिका भित्र अध्ययनरत विद्यार्थीहरुले यसको महत्व र वास्तविकता संग परिचित हुने औपचारिक पद्धति र माध्यमको अभाव महसुस गरियो । विद्यार्थीहरु विषयगत सैध्दान्तिक ज्ञानमा निपूर्ण भएता पनि आफ्नो संस्कृति र प्रकृतिसग साक्षात्कार गरी अपनत्व ग्रहण गर्न सकेनन भने ब्यक्ति, परिवार, समाज र राष्ट्रलाई योगदान गर्न सक्ने देशप्रेमी नागरिक बन्न नसकेको तथ्य हामी सामु रहेको छ । रोल्पा नगरपालिका जिल्लाकै प्रशासनिक केन्द्र, प्राविधिक शिक्षालाय, क्याम्पस, नमुना माध्यमिक विद्यालय, माध्यमिक विद्यालयहरु, विभिन्न कलासंस्कृति, भेषभुषा, मगरखाम भाषा तथा पुराना प्रविधि, माडी खोला, धाङसी खोला,विभिन्न मन्दिर, सातदोवाटो ढुंगे बगैचा, तामा खानी, फलाम खानी, युद्ध पर्यटकिय स्थल जस्ता स्थानीय, राष्ट्रिय र अन्तराष्ट्रिय महत्व बोकेका सम्पदाहरु रहेका छन् । यी अमुल्य प्राकृति, सांस्कृतिक, धार्मिक, आर्थिक, प्राविधिक सम्पदाहरुलाइ औपचारिक शिक्षाको माध्यमबाट संरक्षण, विकास, पुस्तान्तरण गर्न समेत यो पाठ्यक्रम तयार गरिएको हो ।

**यसको औचित्य देहाय वमोजिमका छन्।**

१. स्थानिय विषय बस्तु र आवश्यकतालाई सम्वोधन गर्न ।

२.स्थानीय ज्ञान, सीप र प्रविधिको उपयोग गर्न ।

३ पाठ्यक्रमलाइ ब्यवहारिक र जीवन्त वनाउन ।

४ स्थानीय भाषा,सस्कृति र सम्पदाहरुको संस्थागत विकास गर्न ।

५ विद्यार्थीहरुमा आफ्नो पहिचाहन, सम्मान र मौलिकताको अपनत्व सिर्जना गरी उन्नत सामाजिक पुँजीको निर्माण गर्न ।

नेपालको भौगोलिक, सामाजिक, आर्थिक, सांस्कृतिक र धार्मिक विविधताले गर्दा केन्द्रतहबाट निर्माण गरिने पाठ्यक्रमले समग्र विषयवस्तु समेटिन नसकेको यथार्थ हामी सामु छ। शिक्षा क्षेत्रको सन्तुलित समुचित विकासको लागी स्थानीय रुचि आवश्यकतालाई सम्बोधन गर्न स्थानिय सरोकारवालाहरुको प्रत्यक्ष संग्लनताको आवश्यकता हुन्छ । संघिय लोकतान्त्रिक गणतन्त्रात्मक शासन ब्यवस्थाको मर्म अनुसार स्थानिय आवश्यकतालाई समेट्नका लागी स्थानिय पाठ्यक्रमको निर्माण विकास र कार्यन्वयन आवश्यक छ ।यसका लागी स्थानिय सरोकारवालाई संग्लन गराई सिकाइ सहजीकरण प्रकृयमामा स्थानिय स्रोत साधन तथा विज्ञतालाई उपयोग तथा विश्वोब्यापीकरणलाई स्थानीयकरण र स्थानीयकरणलाई विश्वोब्यापीकरण गरि सिकाइलाई सकारात्मक, प्रभावकारी दिगो एवम् जीवनोपयोगी बनाई स्थानिय सीप, पेशा ब्यवसाय, प्रविधी, संस्कार, संस्कृतिको संरक्षण, प्रर्वधन विकास गर्न स्थानिय पाठ्क्रमको आवश्यकता छ ।

## ४.तहगत सक्षमता

१.आफु वसेको ठाँउको परिवेश( टोल, गाउँ, वडा र नगरपालिका) सग परिचित भइ गौरव गर्ने बानीको विकास ।

२.आफ्नो गाउँटोल तथा नगरपालिकाको संस्कृति, परम्परा ,पर्यटकिय क्षेत्र, सिप, भाषा संग परिचित भई राम्रा पक्षको अनुसरण, संरक्षण र संवर्धन गर्न ।

३.आफ्नो समुदाय तथा रोल्पा नगरपालिकाको प्रमुख आर्थीक कृयाकलापको परिचय तथा महत्व बोध ।

४.स्थानीय कला कौशल सीपको अवलम्वन तथा प्राकृतिक सास्कृतिक ऐतिहासिक सम्पदासग परिचित ।

५. दैनिक जीवनमा सूचना तथा संचार प्रविधिको प्रयोग र सावधानीका उपायहरु अवलम्बन गर्न

६. आफ्नो खेतवारी वा स्थानीय स्तरमा पाइने ताजा पोषिलो स्वस्थ्यकर र सन्तुलित खानाको वोध र प्रयोग ।

७.रोग र दुर्ब्यसनबाट बच्न उपायको अवलम्बन गर्न ।

८. वडा तथा रोल्पा नगरपालिकाले जनहितमा प्रवाह गर्ने सेवाको बारेमा जानकारी गर्न तथा लाभ लिन ।

९. आफ्नो गाउँटोल वडा र नगरपालिकमा रहेका स्वास्थ्य केन्द्र, शिक्षालय ब्यापारिक केन्द्रको बारेमा वोध र प्रयोग ।

१०.प्राकृतिक प्रकोप ,विपद तथा महामारीवारे जानकारी लिई सजग हुन उक्त जोखिमबाट,बच्न र बचाउन ।

५.रोल्पा नगरपालिकाको स्थानीय पाठ्यक्रम ४-५ को विषय क्षेत्र र ढाँचा

| क्रस | विधा र क्षेत्र | पाठ संख्या | जम्मा बार्षिक पाठ्य घण्टा १२८ | | |
|---|---|---|---|---|---|
| | | | सैद्धान्तिक | प्रयोगात्मक | जम्मा |
| १ | हाम्रो रोल्पा नगरपालिका | १ | ६ | ६ | १२ |
| २ | शासन ब्यवस्था(स्थानीय सरकार) | १ | ८ | ७ | १५ |
| ३ | हाम्रो समाज र संस्कृति | १ | ८ | ७ | २० |
| ४ | स्वास्थ्य र पोषण | १ | ४ | ६ | १० |
| ५ | हाम्रो शिक्षालय | १ | ५ | ५ | १० |
| ६ | परम्परागत प्रविधि र आधुनिक सूचना प्रविधि | १ | ७ | ८ | १५ |
| ७ | हाम्रो आर्थिक कृयाकलाप | १ | ८ | ७ | १५ |
| ८ | यातायात तथा भौतिक | १ | ५ | ५ | १० |

| | | | | | |
|---|---|---|---|---|---|
| | पुर्वाधार | | | | |
| ९ | प्राकृतिक सम्पदा र बातावरण | १ | ७ | ७ | १४ |
| १० | विपद ब्यवस्थापन तथा जोखिम न्यूनिकरण | १ | ५ | ५ | १० |
| जम्मा | | | | | १२८ |

## ६.पाठ्यक्रमको क्षेत्र र क्रमतालिका

**कक्षा ४-५**

| क्रस | क्षेत्र | कक्षा -४ | कक्षा -५ | कैफियत |
|---|---|---|---|---|
| १ | **हाम्रो रोल्पा नगरपालिका** | • नगरपालिकाको नक्शा नगरपालिकामा रहेका वडाहरुको वारेमा जानकारी नगरपालिकाको क्षेत्रफल र छिमेकी पालिकाहरुको सामान्य जानकारी | • रोल्पा नगरपालिकको संक्षिप्त इतिहास<br>• रोल्पा नगरपालिकाको भौगोलिक अवस्था | • |
| २ | शासन ब्यवस्था (स्थानिय सरकार) | • नगर प्रमुख र नगर उपप्रमुखहरुको काम कर्तब्य अधिकार | • रोल्पा नगरपालिका स्थानीय सरकारको परिचय<br>• नगर कार्यपालिका परिचय, काम कर्तब्य र | |

| | | | | |
|---|---|---|---|---|
| | | नगर प्रमुख नगर उपप्रमुख हरुको छनौट प्रकृया<br>• वडा परिषद<br>• वडा कार्यालयको परिचय<br>• वडा कार्यालयको काम कर्तब्य र अधिकार | अधिकार<br>• नगर सभा को परिचय काम कर्तब्य र अधिकार<br>• न्यायिक समितको परिचय काम कर्तब्य र अधिकार | |
| ३ | • हामी र हाम्रो समुदाय तथा मानव मूल्य मान्यता | • छिमेकीहरु सगको सम्बन्ध र सहयोग<br>• छिमेकी प्रति गरिने उचित ब्यवहार<br>• मान्यजन प्रतिको आदर र प्रेरणा<br>• असल वानी ब्यवहार | • समुदाय र सामुदायिक कार्य<br>• विभिन्न सामुदायिक कार्यमा सहभागिता र सहयोग<br>• हाम्रा परम्परागत सामाजिक मान्यता तथा प्रचलनहरु<br>• हाम्रो समुदायको भाषा वेषभुषा रहन सहन मेला पर्व र जात्राहरु<br>• अनुशासन तथा असल आचरण | • |
| ४ | हाम्रो स्वास्थ्य र पोषण | • स्वस्थ्य रहने तरिकाहरु<br>• नसर्ने रोगका कारक तत्वहरु<br>• खोपको आवश्यकता र महत्व<br>• हाम्रो नगरको मुख्य स्वास्थ्य संस्थाहरु र गरिने उपचारहरु<br>• सफा ताजा | • ब्यक्तिगत सर सरसफाई महत्व वोध र प्रयोग<br>• आराम, ब्याम र निद्राको सन्तुलन आवश्यकता महत्व वोध<br>• सकारात्मक सोच<br>• भोजन अनुशासन<br>• हाम्रो नगरको मुख्य स्वास्थ्य संस्थाहरु र गरिने उपचारहरु<br>• स्वास्थ्य विमाको | • |

| | | | | |
|---|---|---|---|---|
| | | स्वस्थ्यकर संतुलित भोजनबारेमा वोध र प्रयोग<br>• स्वस्थ्यकर परीकार जानकारी तरीकाहरुको ज्ञान<br>• मद्ध्यपान धुम्रपानको असर र यसवाट बच्ने उपाय<br>• हरेकवार खाना चारको बारेमा बोध र प्रयोग | परिचय र महत्व<br>• केही सरुवा रोग सरुवा रोगबाट बच्ने सामान्य उपायहरु<br>• केही नसर्ने रोग नसर्ने रोगको कारण तथा बच्चे उपायहरु<br>• मद्ध्यपान धुम्रपानको असर र यसवाट बच्ने उपाय | |
| ५ | हाम्रो शिक्षालय | • मेरो विद्यायको इतिहास बर्तमान अवस्था र भविष्यको योजना<br>• विद्यालय ब्यवस्थापन समिति<br>• शिक्षक अभिभावक संघ<br>• विद्यार्थीले पालना गर्नु पर्ने आचार संहिता<br>• शिक्षकले पालना गर्नु पर्ने आचार संहिता<br>• नगर भित्रका ठुला विद्यालयको परिचय महत्व र आबश्यकताको | • हाम्रो विद्यालयबाट उपलब्ध भएको सुविधाहरु<br>• दिवाखाजा<br>• निशुल्क पाठ्यपुस्तक<br>• छात्रा/ दलित / अपाङ्ग छात्रवृति<br>• निशुल्क शिक्षा<br>• पुस्तकालय<br>• विद्यालय ब्यवस्थापन समितिको काम कर्तब्य अधिकार<br>• शिक्षक अभिभावक संघको काम कर्तब्य र अधिकार<br>• शिक्षकले पालना गर्नुपर्ने आचार संहिता<br>• विद्यार्थीले पालना गर्नुपर्ने आचार | |

| | | | | |
|---|---|---|---|---|
| | | वोध<br>• नेपाल नमुना मावि कोटगाउँ को सामान्य परिचय | संहिताको बोध र प्रयोग<br>• विद्‌यालय र समाज सगको सह सम्बन्ध<br>• बालकल्याण नमुना माध्यमिक विद्‌यालयको सामान्य परिचय | |
| ६ | सूचना तथा संचार प्रविधि | • सूचना संचारको सामन्य परिचय<br>• सूचना संचारका स्रोतहरु(पत्रपत्रिका चिठी रेडियो सूचाना पाटी टिभी टेलिफोन आदि)<br>• कम्प्युटरको सामान्य परिचय<br>• कम्प्युटरका भागहरु<br>• कम्प्युटर प्रयोगका उदाहरणहरु<br>• कम्प्युटर र मोवाईल फोनको सुरक्षित प्रयोग<br>• कम्प्युटरको सुरक्षा र सरसफाई | • सूचना तथा संचारको परिचय<br>• परम्परागत सूचनाका स्रोतहरु र आधुनिक प्रविधिका स्रोतहरु<br>• संचारका प्रकारहरु: बैयक्तिक संचार अन्तर बैयक्तिक संचार र आम संचार<br>• सिकाइका लागि कम्प्यूटर र मोवाइल फोनको प्रयोग | • |
| ७ | हाम्रो आर्थिक कृयाकलाप | • हाम्रो समुदायमा गरिने कामको पहिचाहन र सम्मान<br>• आफ्नो समुदाय/ गाउटोलका मानिसहरुले गर्ने सवैप्रकारका | • काम/श्रमको सम्मान र सहयोग<br>• रोल्पा नगरपालिका भित्रका आर्थिक कृयाकलापको पहिचाहन र महत्व<br>• रोल्पा नगरपालिका भित्र उत्पादन हुने | • |

| | | | | |
|---|---|---|---|---|
| | | कामहरु(खेती सिकर्मी डकर्मी ड्राइभिङ ब्यापार उद्योग घर भित्रकोकाम पशुपालन सिलाइकटाइ बैदेशिक रोजगार शिक्षक डाक्टर इन्जिनियर )<br>• आफ्नो समुदायमा उत्पादित तथा निर्मित बस्तुहरुको उपयोग महत्व र प्रयोग<br>• आफ्नो समुदायका आर्थिक क्रियाकलापहरुको अवलोकन विवरण संकलन (तरकारी खेती च्याउ खेती कुखुरा पालन बाख्रा पालन बंगुरपालन फर्निचर उद्योग ब्यापार ब्यवसाय )<br>• रोल्पा नगर पालिका भित्रका स्थानीय बजार हातबजार मुख्यबजार तथा मेलापर्वमा हुने आर्थिक क्रियाकलापको परिचय र महत्व | लोकल बस्तु हरुको पहिचाहन र महत्व<br>• रोल्पा नगरपालिकाको १० वटै वडामा भइरहेको मुख्य मुख्य आर्थिक कृयालापहरु<br>• स्थानीय स्तरमा तथा स्वदेशमा उत्पादित निर्मित बस्तुहरुको पहिचान र उपयोग (लुगा कपडा खेलौना भाडा कुडा खाद्यसामाग्री ) आदि दैनिक प्रयोगमा आउने सामाग्री<br>• पारिवारिक बजेट निर्माण गरि आम्दानी खर्चको सन्तुलन कायम गर्न | |

| | | | | |
|---|---|---|---|---|
| | | • दैनिक जीवनमा प्रयोगहुने बस्तुहरुको उपयोगितामा मितब्ययीता अपनाउन | | |
| ८ | यातायात तथा भौतिक पुर्वाधार र उर्जा | • हाम्रो नगरबाट टाढाको दुरीमा चल्ने सवारी साधनहरुको बारेमा जानकारी<br>• ट्राफिक प्रहरीको परिचय<br>• ट्राफिक नियम र यसको पालना<br>• हाम्रो नगरका भित्रका सडक र यसको प्रकार<br>• हाम्रो नगरको मुख्य खेलमैदान सामुदायिक भवन<br>• जलविद्दुत<br>• खाना पकाउने इन्धन बचत गर्ने उपायहरु<br>• | • हाम्रो वडा तथा नगरमा चल्ने यातायतका साधनहरु<br>• हाम्रो वडाको सडकहरु<br>• ट्राफिक चिन्हरु<br>• हाम्रो गाउ/सहरको मुख्य खेल मैदान/ सार्वजिक भवन / बसपार्क/विद्दुत उत्पादन गृह<br>• नगर गौरवका आयोजनाहरु: रक गार्डेन, सातदोबातो भ्यू टावर, माडीचौर रंगशाला, दारवोट शहिद गेट, जंकोट मगर संग्रालय गुरुङगाउँ होमस्टे आदि | • |
| ९ | हाम्रो प्राकृतिक सम्पदा र बातावरण | • हाम्रो वरपरको वन जंगलमा पाइने वोट विरुवाहरु ।<br>• आफ्नो गाउ विद्यालयको नजिको पानी मुहान संरक्षण गर्ने तथा | • हाम्रो गाउँ तथा वडा भित्रको मुख्य जंगलहरु पहाड,नदि नाला खोला, मुहान पोखरी<br>• हाम्रो वरपर पाइने जडिबुटीहरु(बोझो तिते मालागेडी दालचिनी | • |

| | | | | |
|---|---|---|---|---|
| | | यसको उपयोग बोध गर्न<br>• आफ्नो गाउँ तथा विद्यालय वरपरको खनिजको बारेमा जानकारी हासिल गर्न ।<br>• आफ्नो गाउँ/ विद्यालय नजिकको खोलाको बारेमा जानकारी लिइ महत्व र उपयोगिता बताउन ।<br>• स्वच्छ बातावरणको लागि फोहोर ब्यवस्थापन<br>• रोल्पा नगरपालिका भित्र पाइने जीवजन्तुहरु | पदमचाल सोमायो गुर्जो सतुवा आदि)<br>• बातावरणिय सरसफाई<br>• रोल्पा नगरपालिका मुख्य मुख्य नदि/ खोला (माडीखोला, धाङसीखोला, फाल्जा खोला, हुङरी खोला लहरीखोला, धबाङ खोला) को महत्व र उपयोगिता<br>• रोल्पा नगरपालिकाको अग्ला पहाडहरु (जलजला धुरि, धरमपानी, दहलेख कालिमाटी धुरी, सातदोवाटो, दारवोट थुर्पालेख, गोनपानी लिगलिगे धुरी थामालेक आदि ) | |
| १० | विपद ब्यवस्थापन तथा जोखिम न्यूनिकरण | • हाम्रो वरपरको जाने बाढीपहिरो रोकथामका उपायहरु<br>• हावाहुरी असिना बाट जोगिने उपायहरु<br>• चत्याङ<br>• महामारी कोभिड-१९ | • भुकम्प वाट जोगिने उपाय<br>• आगलागी बाट बच्ने वचाउने उपायहरु<br>• घर तथा विद्यालय र समुदायमा हुन सक्ने दुर्घटनाका कारण यिनिहरुवाट बच्ने वचाउने उपायहरु<br>• प्राणघाटक संक्रामक रोगबाट बच्ने बचाउने उपायहरु<br>• विपद जोखिमका | • |

| | | | | |
|---|---|---|---|---|
| | | | सम्भावित स्थानहरुको पहिचाहन तथा न्यूनिकरण गर्ने उपाय (भुक्षय बाढी पहिरो आगलागि हावा हुरि आदिवाट)<br>• विपदबाट जोगिन जोगाउन हाम्रो भुमिका | |

**७. पाठ्यक्रमको विस्तृतिकरण**

## ७. कक्षा ४ को स्थानीय विषयको पाठ्यक्रम

| क्र. स. | क्षेत्र | सिकाइ सक्षमता / | विषय बस्तुको विस्तृतिकरण | संभावित शिक्षण सिकाइ क्रियाकलापहरु | सम्भावित मुल्याङ्कन |
|---|---|---|---|---|---|
| १ | **हाम्रो रोल्पा नगरपालिका** | • रोल्पा नगरपालिक को नक्सा हेरि आफ्नो वडाको नक्सा चिन्न र नक्सा कोर्न।<br>• रोल्पा नगरपालिका को नक्सा हेरि रोल्पा नगरपालिका सग जोडिएका गाउँपालिका को नाम भन्न ।<br>• रोल्पा नगरपालिका को सम्क्षिप्त इतिहास | • नगरपालिकाको नक्शा नगरपालिकामा रहेका वडाहरुको वारेमा जानकारी<br>नगरपालिकाको क्षेत्रफल र छिमेकी पालिकाहरुको सामान्य जानकारी | • नगरपालिकको रंगिन चित्र देखाइ यस भित्र पर्ने वडा गाउँको बारेमा जानकारी दिने<br>• छलफल गराउने<br>• प्रश्नोतर गर्ने<br>• नक्सामा वडा र गाउँको नामहरु पत्ता लगाउन दिने<br>• सम्भव भए सम्म श्रब्य दृश्य माध्यमवाट नगरपालिकाको वडा गाउँ सहरहरु प्रर्दशन गर्दैठाउका नामहरु वताइदिने<br>• क्षेत्र भ्रमण अवलोकन गर्ने गाउ सहर वडा र नगर पहिचाहन गर्ने<br>• शिक्षकले गाउ टोल वडा नगरपालिका जिल्ला प्रदेश खुल्ने गरि परिचय दिने नमुना प्रस्तुत गर्ने र विद्यार्थीहरुलाइ एक आपसमा परिचय गराउने<br>• रोल्पा नगरपालिकाको | • अवलोकन<br>• मौखिक प्रश्नोत्तर<br>• परियोजना कार्य |

| | | | | | |
|---|---|---|---|---|---|
| | | वताउन । | | स्थापनाको इतिहास बताउने | |
| २ | शासन ब्यवस्था (स्थानीय सरकार) | • रोल्पा नगरपालिकाको विकास र समृद्धिको लागि नगर प्रमुखले गर्ने कार्यको जानकारी हासिल गर्न।<br>• रोल्पा नगरबासिहरुको न्याय सुशासन विकासको लागि नगर उपप्रमुखको काम कर्तब्य बारेमा जानकारी हासिल गर्न<br>• गाउ टोलको शिक्षा स्वास्थ कृर्षि आदिको | • नगर प्रमुख र नगर उपप्रमुखहरुको काम कर्तब्य अधिकार<br>नगर प्रमुख नगर उपप्रमुख हरुको छनौट प्रकृया<br>• वडा परिषद<br>• वडा कार्यालयको परिचय<br>• वडा कार्यालयको काम कर्तब्य र अधिकार | • हालसाल कार्यरत नगरप्रमुख तथा नगर उपप्रमुख वडा सदस्यहरुको फोटो रहेको रंगिन चार्ट प्रर्दशन गर्दै यी फोटाहरु कस्का होलान् भनि जिज्ञासा मुलक प्रश्न गर्ने<br>• नगर प्रमुखको संक्षिप्त परिचय दिने<br>• रोल्पा नगरपालिकाको नगरकार्यपालिकाको कार्यविभाजन नियमावली २०७४ अनुसूची ४ अनुसार प्रमुख, उपप्रमुख वडा अध्यक्ष काम कर्तब्य अधिकारबारेमा वताइ दिने ।<br>• गाउटोल र वडामा उल्लेखनियकाम गर्ने समाज सेवीको सग परिचित गराउने<br>• फोटोमा रहेका जन प्रतिनिधीको नाम ठेगाना वताइ दिने<br>• सम्बन्धित वडा कार्यालयमा क्षेत्र भ्रमण गराइ परिचित गराउने<br>• वडा कार्यालयबाट सम्पादन हुने | • |

| | | | | | |
|---|---|---|---|---|---|
| | | विकासमा वडा अध्यक्षको काम कर्तब्य बारेमा जानकारी हासिल गर्ने | | कामको बारेका नागरिक वडापत्रमा अध्ययन गर्न लगाइ तिपोट गर्न लगाउने । | |
| ३ | हाम्रो समुदाय र संस्कृति | •आफ्नो समुदायमा वसोवास गर्ने जातजातिको सग परिचित हुन<br>• आफ्नो समुदायमा वोलिने भाषामा बोल्न<br>• आफ्नो समुदायमा लगाइने लुगा कपडा गहना परिचिहुन तथा प्रयोग गर्न<br>• आफ्नो परिवारको नातेदार छिमेकीलाई नाता साइनो | • हाम्रो गाउँमा रहेका जातजाति<br>• हाम्रो गाउ घरमा वोलिने मुख्य भाषा भाषी<br>• हाम्रो गाउँ घरमा मनाइने मुख्य चाड पर्व लाग्ने मेला जात्रा<br>• हाम्रो गाउघरमा लगाइने मुख्य लुगा कपडा पहिरन<br>• हाम्रो गाउघरमा वजाउने वाजा<br>• मान्यजन ,आमा वुवा दाजु दिदि वहिनी तथा परिवारका सदस्य र छिमेकी सग गरिने ब्यवहार | • कक्षा कोठामा रहेका बालबालिकालाई पालैपालो थर जात सोध्ने र ह्वाइटवोर्ड वा स्मार्टबोर्डमा जात टिपोट गर्दै जाने ।<br>• छलफल गराउने<br>• प्रश्नोत्तर गर्ने<br>• विषय संग सम्बन्धित रंगिन पोस्टर वा श्रब्यदृश्य सामाग्री प्रर्दशन गर्ने<br>• अभिनय गराउने गर्ने<br>• जात धर्म लिङ्ग फरक भएपनि सवै नेपाली साझा फूलबारी जस्तै भएको भनि मिलिजुली बस्ने संस्कारको विकास गर्ने<br>• आफ्नो समुदायका मानिसले लगाउने भेषभुषाकोबारेमा परिचय दिने | प्रश्नोत्तर<br>अवलोकन<br>परियोजना कार्य |

| | | | | | |
|---|---|---|---|---|---|
| | | अनुसार सम्बोधन गरिसदस्यहरु लाई उपयुक्त अभिवादन गर्न<br>• समुदायमा मनाइने प्रमुख चाडपर्वको सुची चाडपर्व पर्ने महिना र दिन बताउन<br>• समुदायमा मनाइने चाडपर्वका राम्रा पक्ष र सुधार गर्नुपर्ने पक्ष वताउन | | • समुदायका मानिसले लगाउने भेषभुषाको चित्र तथा भिडियो प्रर्दशन गरि परिचित गराउने<br>• नजिकै लाग्ने मेला जात्राको क्षेत्र भ्रमण अवलोकन गराउने मेला जात्राको राम्रा पक्ष र सुधार गर्नुपर्ने पक्षबारे जानकारी गराउने । | |
| ४ | हाम्रो स्वास्थ्य र पोषण | • आफ्नो शरिरको हेरचाह गरि शरिरका अंगहरु सफा राख्न<br>• दैनिक शारिरीक ब्याम गर्न<br>• वेलुका सवेरै | • स्वास्थ्यको लागी सरसफाइ ब्यायम विश्राम र खानपान<br>• हाम्रो स्वास्थ्य केन्द्र<br>• हाम्रो घरमा खाइने खानेकुरा खाद्य पदार्थमा पोषण जोगाउने उपाय जङ्क फुड र यसले गर्ने असर वारे जानकारी | • कक्षा कोठामा ऐना राखी सवैलाई पालैपालो हेर्न लगाई सफाभए नभएको आफैलाई अवलोकन गर्न लगाउने ।<br>• सफा नभएका सवैलाई पालैपालो धारामा सावुन पानीले बाहिरी अंगहरु सफा गर्न | अवलोकन<br>रुजुसुची<br>मौखिक प्रश्न<br>परियोजना कार्य<br>क्षेत्र भ्रमण<br>सन्दर्भ घटना बर्णन |

| | | | | | |
|---|---|---|---|---|---|
| | | सुति विहान सवेरै उठ्न<br>• संक्रामक रोगहरुबाट बच्न<br>• स्वास्थ्य विमाको परिचय दिन<br>• पोषिलो खानाको महत्वबोध र प्रयोग<br>• पोषिलो खाजा बनाउन । | हाम्रो विद्यालयमा खाइने खाजाको परिकार | लगाउने र सफागर्ने तरिका नमुनाको रुपमा प्रस्तुत गर्ने<br>• दैनिक विहान उठे पछि दौडने वा जिउतताउने कार्य बारेमा बताउने र प्रर्दशन गर्ने<br>• पिटी नं १ देखि १३ सम्म प्रर्दशन गरि अभ्यास हरेक दिन घरमा गर्न भन्ने<br>• बेलुका अवेर सम्म नवसी १० वजे सम्म सुतिसक्ने विहान ६ वजे सम्म उठि सक्नेकुरा वताउने<br>• सवै विद्यार्थीहरुलाई दैनिक सुत्ने र उठ्ने समयतालिकाबनाइ प्रस्तुत गर्न लगाउने<br>• बासी सडेगलेका खानेकुरा बाट लाग्ने रोगहरु जस्तै झाडापखाला, आउ, जुका, जण्डिस जस्ता रोगहरुको बारेमा वताउने र यसबाट बच्ने उपायहरु बताउने ।<br>• सर्वसुलभ स्वास्थ्य उपचारको लागि नेपाल सरकारवाट गरिने स्वास्थ्य विमाको परिचय पत्र | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | प्रर्दशनगरि परिचय दिने ।<br>स्वास्थ्य विमा भए नभएको अभिभावक सग सोध्न लगाउने<br>• स्वास्थ्य विमा गरि प्रयोग गर्दाको फाइदा बताउने ।<br>• दैनिक खाने कुरामा सम्भव भए सम्म स्थानीय स्तरमा पाईने ताजा सफा खानेकुरा खादाको महत्व बताउने । दैनिकरुपमा शरिरलाई शक्ति दिने बृद्धिगर्ने रोग प्रतिरोधात्मक क्षमता प्रदान गर्ने खाना खानु पर्ने बताउने अर्थात हरेकबार खाना चारको महत्व वताउने<br>• असल खानपान ब्यवहार(खाने कुरा खेर नफाल्ने ,विस्तारै खाने , राम्ररी चपाएर खाने र बाडेर खाने आदि )<br>• दैनिक खानेकुराको सुचि वनाउने | |
| ५ | हाम्रो शिक्षालय | आफू अध्ययन गरेको विद्यालयको सम्क्षिप्त इतिहास वताउन | हाम्रो विद्यालय<br>विद्यालय ब्यवस्थापन समिति<br>बालकलव<br>नेपाल स्काउट<br>जुनियर रेडक्रस सोसाइटी | • विद्यालय सुधार योजनाको परिचायत्मक खण्डलाई आधारलिई विद्यालयको स्थापना देखि हालसम्मको | अवलोकन<br>प्रश्नोतर<br>छलफल<br>रुजुसुची<br>अवलोकन फाराम |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | • विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुको विवरण र काम वताउन<br>• विद्यालयमा गठनहुने बालकल्व नेपाल स्काउट र जुनियर रेडक्रस सोसाइटीको बारेमा बताउन<br>• विद्यालयले आयोजना गर्ने | • हाम्रो विद्यालयमा आयोजना हुने कार्यक्रमहरु | | अवस्था विद्यार्थीहरुलाई बताउने<br>• समय रेखा बाट विद्यालय स्थापना मिति विभिन्न कक्षा अनुमति मिति प्रदर्शन गरि विद्यार्थीलाई जानकारी गराउने<br>• विद्यालय विकास क्रममा भएका मुख्य मुख्य समयको बारेमा तिपोटगराउने<br>• विद्यालय ब्यवस्थापन समितिको परिचय दिने<br>• विद्यालय ब्यवस्थापन समितिका पदाधिकारीहरुको नामावली प्र्दशन गरि कामकर्तब्य अधिकारबारेमा जानकारी गराउने<br>• विद्यालयमा भएको बालकलवको परिचय गराउने<br>• बालकलवले गर्नुपर्ने | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | अतिरिक्त क्रियाकलापमा भागलिई प्रतिशपर्धा गर्न | | कामकर्तब्यको बारेमा जानकारी गराउने<br>• विद्यालयमा गठन भएका नेपालस्काउटको परिचय दिने<br>• नेपाल स्काउटले गर्ने काम कर्तब्यबारेमा जानकारी गराउने तथा नेपाल स्काउटले आयोजना गरेको कार्यक्रममा सहभागि गराउने<br>• विद्यालयमा गठन भएको नेपाल रेडक्रस सोसाइटीको परिचय दिने<br>• नेपाल रेडक्रस सोसाइटी गर्ने काम कर्तब्यबारेमा जानकारी गराउने तथा नेपाल स्काउटले आयोजना गरेको कार्यक्रममा सहभागि गराउने<br>• विद्यालयले आयोजना | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | गर्ने अतिरिक्त क्रियाकलापको बारेमा जानकारी गराउने जस्तै हाजिरी जवाफ नृत्य प्रतियोगिता बार्षिक उत्सव राष्ट्रपति रनिङसिल्ड आदि<br>• विद्यालयले संचालन गर्ने क्रियाकलापमा अनुशासित ढंगले अनिबार्य सहभागिता जनाउनु पर्ने दाइत्ववोध गराउने | |
| ६ | स्थानीय परम्परा गत प्रविधि र सूचना तथा संचार प्रविधि | • घरमा प्रयोग हुने परम्परागत प्रविधिहरुको महत्व वताउन<br>• घर तथा विद्यालयमा प्रयोग हुने आधुनिक सूचना प्रविधिको | • हाम्रो घरमा प्रयोग गरिने परम्परागत प्रविधिको सामाग्रीहरु महत्व र आधुनिक प्रविधिमा रुपान्तरण<br>• घरमा प्रयोग गरिने स्थानीय परम्परा गत प्रविधि | • हाम्रो गाउँ घरमा पाईने परम्परागत प्रविधिको (ढिकी जातो , पानी घट्ट, कोल आदि )आदिको महत्व बताउने यि परम्परागत प्रविधिलाई आधुनिक प्रविधि सग जोड्ने जोडेको उदाहरण प्रस्तुत गर्ने जस्तै कोलको आधुनिकरुप तेलपेल्ने मिल घट्टको आधुनिकरुप पिठो पिस्ने मिल आदि<br>• परम्परागत प्रविधिको | अवलोकन<br>रुजुसुची<br>प्रश्नोत्तर<br>कार्यवलोकन |

| | | | | | |
|---|---|---|---|---|---|
| | | नाम वताउन र सूरक्षित प्रगोग गर्न<br><br>प्रविधिको दुरुपयोग वाट बच्न | | श्रब्यदृश्य सामाग्री प्रदर्शन<br>• परम्परागत प्रविधिको सुधारको बारेमा वताउने<br>• घरमा प्रयोग गरिने आधुनिक प्रविधि नाम(हीटर राइस कुकर इन्डक्सन चुलो ग्यास चूलो आदि) वताउन लगाउने ।<br>• आधुनिक सुचना प्रविधिको अवलोकन गराउने<br>• मोवाईल रेडियो टिभि जस्ता सामाग्री प्रयोग गर्दा अपनाउनु पर्ने सुरक्षित उपायको नमुना प्रर्दशन गर्ने र विद्यार्थीलाई गर्न लगाउने। | |
| | हाम्रो नगरपालिकाको आर्थिक कृयाकलाप | • आफ्नो समुदाय वडा र नगरपालिका भित्र बसोबास गर्ने मानिसको पेशाका नाम बताउन ।<br>• नगरभित्रका मुख्य मुख्य | • हाम्रो समुदायका मानिसको पेशा, आयआर्जन, हाम्रो सामान किनवेच गर्ने ठाउँ<br>• हाम्रो समुदाय वडा र नगरमा उत्पादन तथा विक्रि वितरण गर्ने बस्तु तथा सेवाहरु<br>• हाम्रो नगरको मुख्य बजारहरु<br>• हाम्रो उत्पादन प्रयोगको महत्व | • नजिकको समुदायकोले उत्पादन गर्ने सामानको अवलोकन गर्ने र स्थानीय क्षेत्रमा उत्पादन हुने सामाग्रीको प्रयोग र महत्व बारेमा वताउने<br>• घरमा उत्पादन गरिएको वस्तु प्रयोग गर्ने वढी भएको बस्तु वजारमा विक्रि गर्ने कुरा सिकाउने | अवलोकन<br>स्थानिय वजारको अवलोकन<br>रुजुसुची<br>प्रश्नोत्तर |

| | | | | | |
|---|---|---|---|---|---|
| | | बजारको नाम र खरिद विक्रीहुने बस्तु तथा सेवाको नाम वताउन<br>• आफ्नो नगर भित्र उत्पादनहुने वस्तु तथा सेवाको बारेमा वताउन ।<br>• गाउघर तथा नगरभित्र उत्पादितबस्तु प्रयोगको महत्वबोध गराउन ।<br>• रोल्पा नगरपालिकाको मुख्य पर्यटकिय क्षेत्रको बारेमा वताउन ।<br>• रोल्पा नगरपालिका भित्रका कृर्षि पकेट क्षेत्रको | रोल्पा नगरपालिकको म | • आवश्यक परेकको वस्तुमात्र खरिद गर्नु पर्ने कुरा सिकाउने<br>• मुख्य आर्थिक कृयाकलापको सूचि वनाउन लगाउने | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | परिचय दिन।<br>• आफ्नो वडा तथा नगरपालिकामा संचालित सहकारी संस्थाको परिचय दिन र कामबताउन<br>• वडा तथा नगरपालिका भित्र संचालित लघुवित्त बैक तथा ठुला बैकको नाम तथा त्यहाबाट प्राप्त हुने सेवा सुविधाको बारेमा वताउन<br>• रोल्पा नगरपालिकाबाट निर्यातहुने बस्तु तथा सेवाको बारेमा वताउन । | | | |
| ८ | यातायात तथा भौतिक पुर्वाधार र उर्जा | • आफ्नो वरपर चल्ने सवारी साधनको नाम | • हाम्रो वरपर चल्ने यातायातका साधनहरु<br>• हाम्रो गाउ/सहरलाई जोड्ने | • यातायातका साधनको रंगीन पोष्टर प्रदर्शन गर्दै अवलोकन गर्नलगाई | अवलोकन<br>रुजुसुची<br>प्रश्नोत्तर |

| | | | | | |
|---|---|---|---|---|---|
| | | भन्न<br>• आफ्नो वरपरको सडकको नाम भन्न<br>• सडक पार गर्दा वा सडमा हिड्दा सडक नियम पालना गरि सावधान पुर्वक हिड्न<br>• दैनिक जीवनमा इन्धन /विद्दुतको उपयोगीता उल्लेख गर्न<br>• विद्दुतको प्रयोगमा सावधानी अपनाउन | सडकहरु<br>• हाम्रो घरमा बल्ने सोलार/ विद्दुत<br>• हाम्रो घरमा खाना पकाउने इन्धन<br>सामान्य ट्राफिक चिन्ह र यीनको प्रयोग<br>नगरक्षेत्रका गौरवका कार्यक्रम रक गार्डेन टुडिखेल माडि<br>जलविद्दुत धाङसीखोला जलविद्दुत | प्रश्नोतर गर्ने यातायतको साधनको नाम वताइ दिने<br>• वरपरका सडक मार्गको क्षेत्र भ्रमण अवलोकन गराई परिचित गराउने<br>• दैनिक प्रयोग गर्ने इन्धनको अवलोकन तथा यसको उपयोगीता मितब्ययी प्रयोगको बारेमा वयान तथा पोष्टर अडियो भिजुअल सामाग्री अवलोकन गराउने<br>• विद्द्तको सावधानिपुर्वक प्रयोग सिकाउने सावधानिपुर्व प्रयोग नगर्दा यसवाट हुन सक्ने दुर्घना वारे जानकारी गराउने। | फिल्ड भ्रमण<br>परियोजना कार्य |
| ९ | हाम्रो प्राकृतिक बातावरण | • आफ्नो कक्षाकोठा र विद्यालयको कक्षाकोठा | • वातावरणीय सरसफाइ<br>• हाम्रो वरपरको वन जंगल/पहाड/खोलानाला/ पानीको मुहान | • सरसफाई सम्वन्धि भिडियो चित्र पोष्टर प्रस्तुत गरि छलफल गर्ने<br>• कक्षाकोठामा उत्पन्नहुने | प्रश्नोतर<br>अवलोकन<br>रुजुसुची<br>कृयाकलामा सहभागी |

| | | | | | |
|---|---|---|---|---|---|
| | | सरसफाई गर्ने बानी वसाल्न<br>• घर तथा विद्यालयम उत्पन्नहुने फोहोर मैला लाई तोकिएको स्थानमा राख्न<br>• वरपरका वोटविरुवा, पहाड, खोला नाला, मुहान, जीवजन्तु परिचित भइ नाम वताउन<br>• बातावरणीय सरसफाइमा विद्यालयको भुमिका | • हाम्रो वरपरपाइने रुख विरुवाहरु जीव जन्तु | फोहोरमैला जानकारी गराइ तोकिएको स्थानामा राख्न लगाउने फोहोर मैला छोएपछि वा सफागरे पछि राम्ररी सावुनपानीले हात धुने वानी वसाल्ने<br>• क्षेत्र भ्रमण अवलोकन गराइ वरपरका वन जंगल खोला पहाड मुहान वोटविरुवा आदिको बारेमा छलफल गराउने<br>विद्यालय वरपरको वातावरण (विद्यालयको बगैचा र हरित विद्यालय) को अवलोकन<br>सड्ने र नसड्ने फोहोर ब्यवस्थापन गर्ने | |
| १० | विपद ब्यवस्थापन तथा जोखिम न्यूनिकरण | • घर तथा विद्यालयमा हिडदुल गर्दा | •घर तथा विद्यालयमा हुने दुर्घटना<br>• हाम्रो वरपरको जाने बाढीपहिरो<br>• हावाहुरी असिना<br>• चत्याङ<br>कोभिड-१९ | • घर तथा विद्यालयमा सावधानि पुर्वक हिडडुल नगर्दा वा काम गर्दा भएको दुर्घटना भएको र त्यसवाट बच्ने उपाय सहितको पोष्टर भिडियो | प्रश्नोत्तर<br>अवलोकन<br>रुजुसुची<br>ब्यवहार अवलोकन |

| | | | | | |
|---|---|---|---|---|---|
| | | सावधानी पुर्वक हिड्ने वानी बसाल्न<br>• वाढी पहिरो हावाहुरि असिना परिचित भइ त्यसवाट बच्न | | प्रस्तुत गरि छलफल गराउने<br>• विद्यालय वरपरको वाढीपहिरो क्षेत्रको सावधानि पूर्वक भ्रमण अवलोकन गराई यसवाट हुन सक्ने धनजनको क्षति र यसवाट बच्ने उपाय सिकाउने | |

**पाठ्यक्रमको विस्तृतिकरण**

**८. कक्षा ५ को स्थानीय विषयको पाठ्यक्रम**

| क्र. स. | क्षेत्र | सिकाइ सक्षमता / | विषय बस्तुको विस्तृतिकरण | संभावित शिक्षण सिकाइ क्रियाकलापहरु | सम्भावित मुल्याङ्कन |
|---|---|---|---|---|---|
| १ | **हाम्रो रोल्पा नगरपालिका** | • रोल्पा नगरपालिकाको नामाकरणको जानकारी दिन | • नगरपालिकाको नक्शा नगरपालिकामा रहेका वडाहरुको वारेमा जानकारी | • रोल्पा नगरपालिकाको नामकरण रहनुको कारण भन्ने<br>• सम्भव भए सम्म रोल्पा नगरपालिका स्थापनाताका | • अवलोकन<br>• मौखिक प्रश्नोत्तर<br>• प्रर्दशन |

| | | | | | |
|---|---|---|---|---|---|
| | | • रोल्पा नगरपालिकाको नक्सा हेरि रोल्पा नगरपालिका सग सिमाना जोडिएका गाउँपालिकाको नाम भन्न ।<br>• रोल्पा नगरपालिकाको जनसंख्या (महिला पुरुष) भन्न<br>• हाम्रो नगरपालिका भित्र जन्मिएका महान ब्यक्तित्व बारेमा वताउन | नगरपालिकाको क्षेत्रफल र छिमेकी पालिकाहरुको सामान्य जानकारी<br>रोल्पा नगरपालिकाको जनसंख्या | निर्णयमा सहभागि हुने ब्यक्तिहरुलाई स्रोतब्यक्तिरुपमा प्रयोग गर्ने<br>•<br>• छलफल गराउने<br>• प्रश्नोतर गर्ने<br>• नक्सामा वडा र गाउँको नामहरु पत्ता लगाउन दिने<br>• सम्भव भए सम्म श्रब्य दृश्य माध्यमवाट नगरपालिकाको वडा गाउँ सहरहरु प्रर्दशन गर्दैठाउका नामहरु वताइदिने<br>• क्षेत्र भ्रमण अवलोकन गर्ने गाउ सहर वडा र नगर पहिचाहन गर्ने<br>• शिक्षकले गाउ टोल वडा नगरपालिका जिल्ला प्रदेश खुल्ने गरि परिचय दिने नमुना प्रस्तुत गर्ने र विद्‍यार्थीहरुलाइ एक आपसमा परिचय गराउने<br>• रोल्पा नगरपालिका भित्र बसोबास गर्ने जातजातिको विवरण वताउने रोल्पा नगरपालिकाको जम्मा जनसंख्या कति होला भनि अनुमान गर्न लगाउने । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | www.cbs.gov.np बाट रोल्पा नगरपालिकाको जनसंख्या विवरण प्रदर्शन गरी रोल्पा नगरपालिको जम्मा जनसंख्या (महिला पुरुष )वताउने<br>• रोल्पा नगरपालिका भित्र जन्मिएका महान ब्यक्तित्वहरु जस्तै कृष्णबहादुर महरा , वनसरि घर्ति, बर्षामान पुन<br>लेखनाथ आचार्य, कुलप्रसाद के.सी. दिपेन्द्र पुन आदिको परिचय गराइ उनीहरुको योगदान बारेमा जानकारी दिने | |
| २ | शासन ब्यवस्था (स्थानीय सरकार) | • रोल्पा नगरपालिकाको विकास र समृद्धिको लागि नगर प्रमुखले गर्ने कार्यको जानकारी हासिल गर्न।<br>• रोल्पा नगरबासिहरुको न्याय सुशासन | • नगर प्रमुख र नगर उपप्रमुखहरुको काम कर्तब्य अधिकार नगर प्रमुख नगर उपप्रमुख हरुको छनौट प्रकृया<br>• वडा परिषद<br>• वडा कार्यालयको परिचय<br>• वडा कार्यालयको काम कर्तब्य र अधिकार | • हालसाल कार्यरत नगरप्रमुख तथा नगर उपप्रमुख वडा सदस्यहरुको फोटो रहेको रंगिन चार्ट प्रर्दशन गर्दै यी फोटाहरु कस्का होलान् भनि जिज्ञासा मुलक प्रश्न गर्ने<br>• नगर प्रमुखको संक्षिप्त परिचय दिने<br>• रोल्पा नगरपालिकाको नगरकार्यपालिकाको कार्यविभाजन नियमावली २०७४ अनुसूची ४ | • अवलोकन<br>• रुजुसुचि<br>• प्रश्नोत्तर<br>• छलफल<br>• समुहकार्य |

| | | | | | |
|---|---|---|---|---|---|
| | | विकासको लागि नगर उपप्रमुखको काम कर्तब्य बारेमा जानकारी हासिल गर्ने<br>• गाउ टोलको शिक्षा स्वास्थ कृषि आदिको विकासमा वडा अध्यक्षको काम कर्तब्य बारेमा जानकारी हासिल गर्ने | | अनुसार प्रमुख, उपप्रमुख वडा अध्यक्ष काम कर्तब्य अधिकारबारेमा वताइ दिने ।<br>• गाउटोल र वडामा उल्लेखनियकाम गर्ने समाज सेवीको सग परिचित गराउने<br>• फोटोमा रहेका जन प्रतिनिधीको नाम ठेगाना वताइ दिने<br>• सम्बन्धित वडा कार्यालयमा क्षेत्र भ्रमण गराइ परिचित गराउने<br>• वडा कार्यालयबाट सम्पादन हुने कामको बारेका नागरिक वडापत्रमा अध्ययन गर्न लगाइ तिपोट गर्न लगाउने ।<br>• रोल्पा नगरपालिका स्थानीय सरकारले गर्ने गरेका कार्यको क्षेत्र भ्रमण अवलोकन गराउने रोल्पा नगरपालकिकाको क्षेत्र भ्रमण गरि नागरिक वडापत्रको अध्ययन गरि स्थानीय सरकारले गर्ने कामको बारेमा जानकारी गराउने ।<br>• रोल्पा नगरपालिका सग जानकार जनप्रतिनिधि तथा कर्मचारीलाइ विद्यालयले स्रोतब्यक्तिकोरुपमा आमन्त्रण गरि विद्यार्थीहरुलाइ | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | जानकारी गराउने । | |
| ३ | हाम्रो समुदाय र संस्कृति | •आफ्नो समुदायमा वसोवास गर्ने जातजातिको सग परिचित हुन<br>• आफ्नो समुदायमा वोलिने भाषामा बोल्न<br>• आफ्नो समुदायमा लगाइने लुगा कपडा गहना परिचिहुन तथा प्रयोग गर्न<br>• आफ्नो परिवारको नातेदार छिमेकीलाई नाता साइनो अनुसार सम्बोधन गरि सदस्यहरु लाई उपयुक्त अभिवादन गर्न<br>• समुदायमा मनाइने प्रमुख चाडपर्वको सुची चाडपर्व पर्ने महिना र दिन बताउन<br>• समुदायमा मनाइने चाडपर्वका राम्रा पक्ष | • हाम्रो गाउँमा रहेका जातजाति<br>• हाम्रो गाउ घरमा वोलिने मुख्य भाषा भाषी<br>• हाम्रो गाउँ घरमा मनाइने मुख्य चाड पर्व लाग्ने मेला जात्रा<br>• हाम्रो गाउघरमा लगाइने मुख्य लुगा कपडा पहिरन<br>• हाम्रो गाउघरमा वजाउने वाजा<br>• मान्यजन , आमा वुवा दाजु दिदि वहिनी तथा परिवारका सदस्य र छिमेकी सग गरिने ब्यवहार | • कक्षा कोठामा रहेका बालबालिकालाई पालैपालो थर जात सोध्ने र ह्वाइटवोर्ड वा स्मार्टबोर्डमा जात टिपोट गर्दे जाने ।<br>• छलफल गराउने<br>• प्रश्नोत्तर गर्ने<br>• विषय संग सम्बन्धित रंगिन पोस्टर वा श्रब्यदृश्य सामाग्री प्रर्दशन गर्ने<br>• अभिनय गराउने गर्ने<br>• जात धर्म लिङ्ग फरक भएपनि सवै नेपाली साझा फूलबारी जस्तै भएको भनि मिलिजुली बस्ने संस्कारको विकास गर्ने<br>• आफ्नो समुदायका मानिसले लगाउने भेषभुषाकोबारेमा परिचय दिने<br>• समुदायका मानिसले लगाउने भेषभुषाको चित्र तथा भिडियो प्रर्दशन गरि परिचित गराउने<br>• नजिकै लाग्ने मेला जात्राको क्षेत्र भ्रमण अवलोकन गराउने मेला जात्राको राम्रा पक्ष र सुधार गर्नुपर्ने | • अवलोकन<br>• रुजीसुची<br>• ब्यवहार अवलोकन<br>• समुह कार्य अवलोकन<br>• प्रश्नोउत्तर |

| | | | | | |
|---|---|---|---|---|---|
| | | र सुधार गर्नुपर्ने पक्ष वताउन<br>• बाल विवाह प्रति सचेत रहन ।<br>• समाजमा रहेका कुप्रथाको बारेमा जानकारी लिई सुधार गर्न ।<br>• रोल्पा नगरपालिका भित्र बजाइने लोकबाजा सग परिचित भइ बजाउन<br>• रोल्पा नगरपालिका भित्र नाचिने विभिन्न गीत तथा नृत्य सग परिचित भइ गाउन र नृत्य गर्न | | पक्षबारे जानकारी गराउने ।<br>• बालविवाह गर्दा पर्ने नराम्रा असरहरु जस्तै शारिरीक मानसिक आर्थिक पारिवारिक र शैक्षिक विकासमा असरको बारेमा छलफल गराउने । बालबिवाह गर्दा भएको शाररिक मानसिक आर्थीक शैक्षिक समस्याबारेमा भिडियो प्रस्तुत गर्ने<br>• बालविवाह रोकथामको लागि सवै किसोर किसोरी सचेत हुनुपर्ने जानकारी गराउने<br>• हाम्रो समाजमा रहेका कुप्रथा जस्तै बोक्सी आरोप धामी झाकृबाट उपचार गरिने आदिको बारेमा छलफल गराउने त्यसका नकारात्मक असर तथा सुधारका उपायहरु बताउने ।<br>• रोल्पा नगरपालिका भित्र वजाइने लोकबाजाहरु जस्तै मादल मुरली दमाह झ्याली सनाई आदि बाजाहरुको चित्र तथा वजाएको भिडियो प्रस्तुत गर्ने । यि बाजा बजाउने ब्यक्तिहरुलाइ स्रोतब्यक्तिको रुपमा आमन्त्रण गरि विद्यार्थीहरुलाइ बजाउन | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | अभ्यास गराउने ।<br>• रोल्पा नगरपालिका भित्र गाइने गीतका भाका तथा नृत्यका भिडियो प्रस्तुत गर्ने । रोल्पा नगरपालिका भित्रको गाइने गीत हरु जस्तै झ्याउरे साइलोदाइ मारुनी जस्ता गीत गाउन सक्ने ब्यक्तिहरुलाइ विद्यालयमा आमन्त्रण गरि विद्यार्थीहरुलाई अभ्यास गराउने ।<br>• रोल्पा नगरपालिका भित्र प्रचिलित नृत्य/नाच जस्तै सिङ्गारु पैशेरी, सरङ्गे,मयुर नाच झाम्रे नाच, भुमे नाच धामीनाच आदिको परिचय दिइ जानकार ब्यक्तिहरुलाइ विद्यालयले स्रोत ब्यक्तिकोरुपमा लिइ विद्यार्थीहरुलाइ अभ्यास गराउने | |
| ४ | हाम्रो स्वास्थ्य र पोषण | • आफ्नो शरिरको हेरचाह गरि शरिरका अंगहरु सफा राख्न<br>• दैनिक शारिरीक ब्याम गर्न | • स्वास्थ्यको लागी सरसफाइ ब्यायम विश्राम र खानपान<br>• हाम्रो स्वास्थ्य केन्द्र<br>• हाम्रो घरमा खाइने | • कक्षा कोठामा ऐना राखी सवैलाई पालैपालो हेर्न लगाई सफाभए नभएको आफैलाई अवलोकन गर्न लगाउने ।<br>• एक साथीले अर्को साथीलाई | अवलोकन<br>रुजुसूची<br>मौखिक प्रश्न<br>सन्दर्भ घटना बर्णन |

| | | | | | |
|---|---|---|---|---|---|
| | | • वेलुका सवेरै सुति विहान सवेरै उठ्न<br>• संक्रामक रोगहरुबाट बच्न<br>• स्वास्थ्य विमाको परिचय दिन<br>• पोषिलो खानाको महत्वबोध र प्रयोग<br>• पोषिलो खाजा बनाउन ।<br>• कुपोषण बारे जानकारी हासिल गरि कुपोषणबाट बच्न र बचाउन | खानेकुरा<br>खाद्य पदार्थमा पोषण जोगाउने उपाय<br>जङ्क फुड र यसले गर्ने असर वारे जानकारी<br>हाम्रो विद्यालयमा खाइने खाजाको परिकार | अवलोकन गर्न लगाउने<br>• शरिरका अंगहरु जस्तै आखा कान नाक दात हातखुट्टा कपाल आदि सफा राख्ने तरिकाहरु सिकाउने<br>• शरिरका विभिन्न अंग सफा गर्ने तरिकाहरु भिडियो प्रदर्शन गर्ने<br>• शरिरका विभिन्न अंगहरु सफा गर्ने प्रयोगात्मक अभ्यास गराउने<br>• दैनिक विहान उठे पछि दौडने ब्याम योग ध्यान गर्दा हुने फाइदाहरु जस्तै शारीरिक मानसिक स्वास्थ्यमा हुने फाइदाको बारेमा जानकारी गराउने ।<br>• पिटी नं १ देखि १३ सम्म प्रर्दशन गरि अभ्यास हरेक दिन घरमा गर्न भन्ने<br>• बेलुका अवेर सम्म नवसी १० वजे सम्म सुतिसक्ने विहान ६ वजे सम्म उठि सक्नेकुरा वताउने<br>• सवै विद्यार्थीहरुलाई दैनिक सुत्ने र उठ्ने समयतालिकाबनाइ प्रस्तुत गर्न लगाउने | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | • बासी सडेगलेका खानेकुरा बाट लाग्ने रोगहरु जस्तै झाडापखाला, आउ, जुका, जण्डिस जस्ता रोगहरुको बारेमा वताउने र यसबाट बच्ने उपायहरु बताउने ।<br>• सर्वसुलभ स्वास्थ्य उपचारको लागि नेपाल सरकारवाट गरिने स्वास्थ्य विमाको परिचय पत्र प्रर्दशनगरि परिचय दिने । स्वास्थ्य विमा भए नभएको अभिभावक सग सोध्न लगाउने<br>• स्वास्थ्य विमा गरि प्रयोग गर्दाको फाइदा बताउने ।<br>• दैनिक खाने कुरामा सम्भव भए सम्म स्थानीय स्तरमा पाईने ताजा सफा खानेकुरा खादाको महत्व बताउने । दैनिकरुपमा शरिरलाई शक्ति दिने बृद्धिगर्ने रोग प्रतिरोधात्मक क्षमता प्रदान गर्ने खाना खानु पर्ने बताउने अर्थात हरेकबार खाना चारको महत्व वताउने<br>• असल खानपान ब्यवहार(खाने कुरा खेर नफाल्ने ,विस्तारै खाने , राम्ररी चपाएर खाने र बाडेर | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | खाने आदि)<br>• दैनिक खानेकुराको सुचि वनाउने<br>• कुपोषित भएका ख्याउटे र मोटो बच्चाको तस्विर प्रदर्शन गरि के भएको होला भनि छलफल गराउने ।<br>• कुपोषणको भनेको न्यूनपोषण वा अधिकपोषणबाट हुने समस्या बारेमा बताउने ।<br>• कुपोषणबाट बच्न र बचाउन सन्तुलित भोजन खाने जंकफुड असन्तुलित भोजन गर्न नहुने बारेमा जानकारी गराउने<br>• सन्दर्भ मिल्ने सोही कक्षाको अन्य विषय सग लिङ्कगरि विषयबस्तुमा थप प्रस्तपार्ने । | |
| ५ | हाम्रो शिक्षालय | • विद्यार्थीहरुले पालन गर्ने आचारसंहिताको बोधगरि पालन गर्न<br>• शिक्षक तथा अभिभावकले पालना गर्नु पर्ने आचारसंहिता | विद्यार्थीले पालना गर्ने आचार संहिता<br>• शिक्षक तथा अभिभावकले पालना गर्नु पर्ने आचार संहिता<br>• हाम्रो विद्यालयको पुस्तकालय ICT lab र | • शिक्षा नियमावली तथा विद्यालयले जारी फलास प्रिन्ट वा बोर्डमा गरेको विद्यार्थी आचार संहिता अवलोकन र अध्ययन गराउने<br>• यि आचार संहिताहरु विद्यार्थी स्वयमले पालना गरे नगरेको | अवलोकन<br>प्रश्नोतर<br>छलफल<br>रुजुसूची<br>अवलोकन फाराम |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | बारेमा जानकारी प्राप्त गर्न<br>• विद्यालयको पुस्तकालय ICT lab विज्ञान प्रयोगशाला सग परिचित भइ प्रयोग गर्न<br>• विद्यालयमा गठनहुने बालकल्व, नेपाल स्काउट र जुनियर रेडक्रस सोसाइटीले गर्ने कामबारेमा बोध गरि सो कार्यक्रममा सहभागिता जनाउन<br>• विद्यालयले आयोजना गर्ने अतिरिक्त क्रियाकलापको महत्वबोध | विज्ञान प्रयोगशाला<br>• हाम्रो विद्यालयमा गठन भएका बालकलव नेपाल स्काउट नेपाल रेडक्रस सोसाइटीको काम<br>• हाम्रो विद्यालयमा हुने अतिरक्त क्रियालपाहरु<br>• हाम्रो नगरको | महसुष गर्न लगाउने<br>• सवै विद्यार्थीले आचार संहिता पालना अनिबार्य गर्नुपर्ने कुरा बताउने<br>• शिक्षक तथा अभिभावकले पालना गर्नुपर्ने आचार संहिताको बारेमा पनि जानकारी गराउने ।<br>• विद्यालयको पुस्तकालय ICT Lab विज्ञान प्रयोगशाला र पुस्तकालयको अवलोकन गराइ महत्व र प्रयोगबारेमा जानकारी गराउने ।<br>• विद्यालयमा गठन भएको बालकलवको अध्यक्ष लगाएतका सदस्यहरुबाट बालकलवको बारेमा जानकारी गराउन लगाउने<br>• बालकलव गठन नभएको भए बालकलव गठन गरि काम कर्तब्य तोकी जानकारी गराउने<br>• विद्यालयमा कृयाशिल | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | गरि सो कृयाकलामा सकृयता पुर्वक भाग लिन<br>• रोल्पा नगरपालिका मुख्य विद्यालय सग परिचित हुन। | | नेपाल स्काउट तथा नेपाल रेडक्रस सोसाइटीको बारेमा जानकारी गराउने<br>• विद्यालयम नेपाल स्काउट तथा नेपाल रेडक्रस सोसाइटीको गठन नभएको भए गठन गरि नेपाल स्काउट र नेपाल रेडक्रस सोसाइटीको काम कर्तब्यबारेमा जानकारी गराउने<br>• विद्यालयमा नियमितहुने क्रियाकलाप तथा अतिरिक्त क्रियाकलापको बारेमा जानकारी गराइ उल्लिखित क्रियाकलापहरुमा सकृय सहभागिता जनाउनु पर्ने जानकारी गराउने ।<br>• रोल्पा नगरपालिका भित्र संचालित नमुना विद्यालय श्री बालकल्याण माध्यमिक | |
| ६ | स्थानीय परम्परागत प्रविधि र | • रोल्पा नगरपालिका भित्र | • रोल्पा नगरपालिका भित्र प्रयोग गरिने परम्परागत | • रोल्पा नगरपालिका भित्र प्रयोगमा परम्परागत | अवलोकन रुजुसुची |

| | | | | | |
|---|---|---|---|---|---|
| | सूचना तथा संचार प्रविधि | हुने परम्परागत प्रविधिहरुको बारेमा जानकारी हासिल गरि महत्व वताउन ।<br>• रोल्पा नगरपालिका भित्र प्रयोगहुने आधुनिक प्रविधिको नाम र प्रयोग बारे बताउन ।<br>• रोल्पा नगरपालिका भित्र संचालित सूचनाका स्रोतहरु बताउन<br>• Learning portal को बारेमा जानकारी प्राप्त गरि प्रयोग गर्न<br>• NCED Virtual Class Youtube df विभिन्न विषयको भिडियो हेरि स्वअध्यन गर्न | प्रविधिहरु<br>• रोल्पा नगरपालिका भित्र प्रयोग भएका आधुनिक प्रविधिहरु<br>• रोल्पा नगरपालिका भित्र संचालित सूचनाका स्रोतहरु<br>• Learning portal बाट सिकौ<br>• NCED को Virtual class | प्रविधिको (ढिकी जातो , पानी घट्ट, कोल धागो काट्ने टाकु, चर्खा, भाग्रो ,काम्लो बुन्ने तान आदिको परिचय र प्रयोगको बारेमा वताउने<br>• रोल्पा नगरपालिका भित्र प्रयोगहुने आधुनिक प्रविधि जस्तै विद्दुतिय मिल ATM कम्प्युटर हाते ट्याक्टर डोजर थोपा सिचाइ आदि को चित्र प्रस्तुत गरि यसले उत्पादनमा राख्ने महत्व वताउने ।<br>• रोल्पा नगरपालिका भित्र सूचनाका स्रोतहरु पत्रिकाहरु रोल्पा समाचार पत्र, जुनकिरी साप्ताहिक रेडियो जलजला रेडियो मालाश्री रेडियो रोल्पा इमेल वेवसाइटहरु आदिको बारेमा वताउने यी स्रोतहरुबाट प्राप्तहुने सूचनाकोबारेमा प्रदर्शन गरि जानकारी गराउने<br>• learning.cehrd.gov.np खोलि कक्षा ५ को विभिन्न विषयका साग्री अध्ययन तथा प्रयोगको विधिको बारेमा प्रदर्शन गरि | प्रश्नोत्तर कार्यवलोकन |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | प्रयोग गर्न लगाउने<br>• Youtube बाट Nced virual class 5 search गरि विभिन्न विषयको virtual class को भिडियो खोजी प्रदर्शन गर्ने र विद्यार्थीहरुलाई खोज्न लगाइ विभिन्न विषय अध्ययन गर्न लगाउने | |
| | हाम्रो नगरपालिकाको आर्थिक कृयाकलाप | • आफ्नो समुदाय र नगरपालिका भित्र गरिने कामको पहिचान सम्मान र सहयोग<br>• रोल्पा नगरपालिका भित्र उत्पादित तथा निर्मित बस्तुहरुको बारेमा जानकारी र प्रयोग ।<br>• दैनिक जीवनमा प्रयोगहुने बस्तुको उपयोगमा मितब्ययीता<br>• रोल्पा नगरपालिकाबाट निर्यातहुने बस्तु तथा | • हाम्रो नगरबासीको पेशा र ब्यवसाय<br>• हाम्रो वडा तथा नगरभित्र उत्पादन तथा निर्माणहुने मुख्यबस्तु तथा सेवाहरु<br>• हाम्रो दैनिक जीवनमा उपयोग हुने बस्तुको उपयोगमा मितब्यीता<br>• रोल्पा नगरपालिका भित्र आयात र निर्यातहुने बस्तु तथा सेवाहरु<br>• रोल्पा नगरपालिका मुख्य कृर्षि पकेट | • आफ्नो समुदाय तथा नगरबासीले गर्ने मुख्यकामको अवलोकन गराउने । गाउ तथा नगरबासीले गर्ने कामहरु फरक फरक हुन्छन् भनि बताउने विभिन्न किसिमका कामको फोटो तथा भिडियो प्रदर्शन गर्ने कामको बारेमा छलफल गराउने । हामी सवैले कुनै कुनै काम अनिवार्य गर्नु पर्ने कुराबताउने समुदायले गर्ने कामको महत्व वताउदै सवैकामको सम्मान गर्न सिकाउने<br>• उत्पादन गर्ने सामानको अवलोकन गर्ने र स्थानीय क्षेत्रमा उत्पादन हुने सामाग्रीको | अवलोकन<br>स्थानीय वजारको अवलोकन<br>रुजुसूची<br>प्रश्नोत्तर |

| | | | | | |
|---|---|---|---|---|---|
| | | सेवाको बारेमा वताउन । रोल्पा नगरपालिका भित्रका कृर्षि पकेट क्षेत्रको परिचय दिन।<br>• वडा तथा नगरपालिका भित्र संचालित लघुवित्त बैक तथा ठुला बैकको नाम तथा त्यहाबाट प्राप्त हुने सेवा सुविधाको बारेमा वताउन<br>• सहकारी संस्थाको परिचय र महत्व वताउन।<br>• रोल्पा नगरपालिकाको मुख्य पर्यटकिय स्थल वताउन<br>• रोल्पा नगरपालिका भित्र संचालित उद्योगहरु | क्षेत्रहरु<br>• रोल्पा नगरपालिका भित्र संचालित बैक तथा वित्तीय संस्थाहरु<br>• हाम्रो रोल्पा नगरपालिका भित्र संचालित सहकारी संस्थाहरु<br>• हाम्रो रोल्पा नगरपालिकाको मुख्य पर्यटकिय स्थलहरु<br>• रोल्पा नगरपालिका भित्र संचालित उद्योगहरु | प्रयोग र महत्व बारेमा वताउने<br>• घरमा उत्पादन गरिएको वस्तु प्रयोग गर्ने वढी भएको बस्तु वजारमा विक्रि गर्ने कुरा सिकाउने<br>• आवश्यक परेकको वस्तुमात्र खरिद गर्नु पर्ने कुरा सिकाउने<br>• रोल्पा नगरपालिका आयातहुने बस्तुहरु बताउने<br>• रोल्पा नगरपालिकाबाट निर्यातहुने बस्तुहरुको बारेमा छलफल तथा जानकारी गराउने<br>• रोल्पा नगरपालिका मित्र संचालित सहकारी संस्थाहरुको परिचय र काम बारे जानकारी गराउने<br>• रोल्पा नगरपालिका भित्र संचालित बैकहरुको बारेमा जानकारी गराउने सकेसम्म बैकहरुले आफूले प्रदान गर्ने सेवाको बारेमा जानकारी गराउने<br>• रोल्पा नगरपालिका मुख्य पर्यतिकय स्थलहरु जस्तै सातदोबाटोको ढुगे बगैचा र भ्यू टावर दारवोटको शहिद गेट | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | गुरुङगाउ होमस्टे लगाएत आफ्नो वरिपरि भएका महत्व पुर्ण  धार्मिक तथा पर्यटकीय क्षेत्र सम्भावना भएको क्षेत्रको बारेमा जानकारी तथा अवलोकन गराउने<br>• रोल्पा नगरपालिका भित्र संचालित विभिन्न उद्योगहरु माडीचौर क्रसर उद्योग नगरपालिकाको विभिन्न स्थानमा संचालित फर्निचर उद्योग रोल्पा नपा ४ मा संचालित अल्लो कपडा उद्योग आदि जस्ता नजिकमा स्थापना भइ संचालित उद्योगको जानकारी तथा अवलोकन गराउने | |
| ८ | यातायात तथा भौतिक पुर्वाधार र उर्जा | • यातायातको महत्व वताउन ।<br>• सुरक्षित यात्रा गर्दा अपनाउनु पर्ने सुरक्षाका | • हाम्रो नगर भित्र संचालन भएका र नगरबाट बाहिर चल्ने यातायातका साधनहरु<br>• लिबाङ देखि विभिन्न स्थानमा गाडी छुट्ने समय<br>• यात्रा गर्दा अपनाउनु पर्ने सावधानी | • यातायातको साधनबाट मालसामान ढुवानी गरेको मानिसहरु एकठाउबाट अर्को ठाउमा यात्रा गरेको चित्र वा भिडियो प्रदर्शन गरि छलफल गराउने<br>• यातायातका साधनले दैनिक पारेको सहजताको बारेमा | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | उपायहरु बताउन ।<br>• सडक पार गर्दा वा सडमा हिड्दा सडक नियम पालना गरि सावधान पुर्वक हिड्न<br>• रोल्पा नगरपालिका भित्रका नगरगौरबका सडकको बारेमा परिचित हुन ।<br>• घर तथा समुदायमा प्रयोगहुने उर्जाको स्रोतको जानकारी तथा सुरक्षित प्रयोग गर्न । | • ट्राफिक नियम र चिन्हहरु<br>• नगरक्षेत्रका गौरवका सडकहरु<br>• घर तथा समुदायमा प्रयोग हुने उर्जा | छलफल गर्ने, एक ठाउबाट अर्को ठाउमा पुग्न घरमा उत्पादित तथा घरमा आबश्यक पर्ने बस्तु तथा सामाग्री ढुवानी यातायातले सहज भएको बताउने ।<br>• यातायातका साधनबाट यात्रा गर्दा अपनाउनु पर्ने सजकताको बारेमा जानकारी गराउने जस्तै तोकिएको टिकट काउन्टरबाट टिकट लिएर मात्र यात्रा गर्ने मास्क स्यानेटाइजर जस्ता स्वास्थ्य सामाग्रीको प्रयोग गर्ने । गाडीमा झुन्डिएर वा छतमा यात्रा नगर्ने अपरिचित ब्यक्तिले दिएको खानेकुरा नखाने लगाएका सुरक्षा सावधानीको उपाय बताउने<br>• ट्राफिक चिन्हहरुको चित्र प्रस्तुत गरि चिन्हकोबारेमा जानकारी गराउने चित्र Google search गरि ट्राफिक चिन्हकोबारे जानकारी सहित प्रदर्शन गर्ने | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | • सडकपार गर्दा जेब्राक्रसिङबाट गर्ने दायाबाया हेरेर विस्तारै सडकपार गर्ने जस्ता कुराको जानकारी दिने<br>• रोल्पा नगरपालिका भित्रका नगरगौरबका सडकहरु जस्तै लिबाङ- दारबोट सडक, लिबाङ- घर्तीगाउ सडक, माडिचौर - कुरेली सडक, लिबाङ- ह्वामा सडक, लिबाङ -धबाड.-जलजला सडक लगाएतका सडकको परिचय र महत्व बताउने नजिकको स्थानमा स्थलगत अवलोकन गराउने<br>• वरपरका सडक मार्गको क्षेत्र भ्रमण अवलोकन गराई परिचित गराउने<br>• दैनिक प्रयोग गर्ने इन्धनको बारेमा जानकारी गराउने । यसको उपयोगीता मितब्ययी प्रयोगको  बारेमा वयान तथा पोष्टर अडियो भिजुअल सामाग्री  प्रस्तुत गर्ने । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | दैनिक प्रयोगहुने इन्धनको मितब्ययीताको लागि परियोजना कार्य गराउने ।<br>• विद्द्तको सावधानिपुर्वक प्रयोग सिकाउने सावधानिपुर्व प्रयोग नगर्दा यसवाट हुन सक्ने दुर्घना वारे जानकारी गराउने। | |
| ९ | हाम्रो प्राकृतिक बातावरण | • रोल्पा नगरपालिका क्षेत्रमा पाइने बोटविरुवाहरुको पहिचाहन, उपयोग र महत्व बारेमा बताउन ।<br>• स्थानीय औषधि जन्य बनस्पति तथा फलफूलको पहिचाहन संरक्षण र उपयोग गर्न<br>• रोल्पा नगरपालिका क्षेत्रमा पाइने जीवजन्तुको पहिचाहन र संरक्षणमा | • हाम्रो रोल्पा नगरपालिका भित्र पाइने वोटविरुवाहरु<br>• हाम्रो वरपर तथा नगरपालिका भित्र पाइने औषधि जन्य बनस्पतिहरु<br>• हाम्रो रोल्पा नगरपालका भित्रपाइने जीवजन्तुहरु<br>• रोल्पा नगरपालिका भित्रका जलस्रोतको अवस्था<br>• रोल्पा नगरपालिका भित्रका मुख्यपहाडहरु<br>• प्रदुषण<br>• फोहोर मैलाको बर्गीकरण तथा ब्यवस्थापनका उपायहरु | • विद्यालय तथा आफ्नो वरपरपाइने वोटविरुकाको अवलोकन गर्न लगाउने पाइएका बोटविरुवाहरुको स्थानीय नाम स्थानीय उपयोगिता र महत्वबारेमा वताउने<br>• स्थानीय विषय शिक्षकहरुको ग्रुपक्रियत गरि आफ्नो वरपरपाइने वोटविरुवाको भिडियो सेरयर गरि रोल्पा नगरपालिका भित्र पाइने बोटविरुवाको परिचय उपयोग र महत्वबारेमा विद्यार्थीलाई जानकारी गराउने<br>• आवश्यकता अनुसार क्षेत्र भ्रमणगराउने<br>• आफ्नो वरपर पाइने औषधि | प्रश्नोतर<br>अवलोकन<br>रुजुसूची<br>कृयाकलामा सहभागी |

| | | | | | |
|---|---|---|---|---|---|
| | | समुदायको भूमिका बताउन<br>• रोल्पा नगरपालिका क्षेत्रभित्रका जलस्रोत(खोला मुहान सिम)को पहिचान महत्व र संरक्षण बारेमा बताउन ।<br>• रोल्पा नगरपालिका क्षेत्रभित्रका मुख्यमुख्य पहाडको नाम उचाइ र महत्व वताउन।<br>• फोहोर मैलकाको बर्गीकरण गरि घर तथा विद्यालय र समुदायमा फोहोर मैला ब्यवस्थापन | | जन्य वोटविरुवा जस्तै चियाइतो अमला पदमचाल मेहल बोझो आदि जस्ता औषधिजन्य विरुवाको परिचय गराउने<br>• रोल्पा नगरपालिका भित्रपाईने औषधि जन्य बोटविरुवाको भिडियो निर्माण तथा सेयर गरि विद्यार्थीहरुलाइ प्रदर्शन गर्ने यसको महत्व तथा संरक्षणको उपायबारेमा बताइ दिने<br>• आवश्यकता अनुसार क्षेत्र भ्रमण अवलोकण र परियोजना कार्यगराउने<br>• रोल्पा नगरपालिका भित्रका जलस्रोतहरु जस्तै माडीखोला धाङसीखोला फाल्जाखोला हुङरीखोला लहरीखोला धबाङखोला मुहान सिमसार आदिको फोटो भिडियो प्रस्तुत गरिपरिचित गराउने आवश्यकता अनुसार क्षेत्रभ्रमण गराउने यसको महत्व संरक्षण गर्ने उपायहरुबताउने ।<br>• रोल्पा नगरपालिका भित्रका मुख्य मुख्य पहाडको चित्र | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | गर्ने सीप हासिल गर्न । | | भिडियो प्रस्तुत गरी पहाडको नाम तथा उचाइ र महत्व बताइदिने ।<br>• क्षेत्र भ्रमण अवलोकन तथा परियोजना कार्यगराउने<br>•<br>• घर तथा विद्यालयमा जम्माहुने फोहोरको बारेमा छलफल गराउने । फोहोरको बर्गीकरण गर्ने तरिका बताउने ।बर्गीकरण गरिएको फोहोरलाइ छुट्टा छुट्टै भाडो बा खाल्डोमा राखी ब्यवस्थापन तथा उपयोग गर्ने उपायहरु बताउने । फोहोर ब्यवस्थापनको बारेमा भिडियो प्रस्तुत गरि छलफल गराउने । विद्यालय तथा घरमा उत्पन्न फोहोर ब्यवस्थापन गर्ने प्रयोगात्मक अभ्यास गराउने । फोहोर ब्यवस्थापन गर्दा अनिवार्य मास्क पंजा प्रयोग गर्न लगाउने फोहोर ब्यवस्थापन पश्चात राम्ररी सावुनपानीले हातगोडा सफा गर्न लगाउने कक्षा ५ को विज्ञान सामाजिक विषयका सन्दर्भ विषयवस्तु संग लिकं गरि | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | सिकाइलाइ थप सवलीकरण गर्ने | |
| १० | विपद ब्यवस्थापन तथा जोखिम न्यूनिकरण | • रोल्पा नगरपालिका भित्र प्राकृतिक विपदको परिचय दिन<br>• बाढी, पहिरो, हुरीबतास, आगलागी, चत्याङ, भुइचालो र असिनाको असरहरु<br>• बाढी, पहिरो हुरिबतास, आगलागि, चत्याङ भुइचालो असिनाबाट बच्ने बचाउने उपायहरु<br>• प्राकृतिक विपद न्यूनीकरणका | •रोल्पा नगरपालिका भित्रहुने सम्भावित विपद<br>• बाढीपहिरो हुरिबतास आगलागि चत्याङ भूइचालो असिनाको असर<br>• बाढीपहिरो हुरिबतास आगलागि चत्याङ भूइचालो असिनाको आदिबाट बच्ने उपायहरु<br>• प्राकृतिक विपद न्यूनिकरणका उपायहरु<br>  • कोभिड-१९ र यसबाट बच्ने उपायहरु | • रोल्पा नगरपालिका भित्र हुने गरेका विपदहरुको फोटो, पोष्टर भिडियो प्रस्तुत गरि रोल्पा नगरपालिका भित्र प्रायजसजो हुने गरेका विपदको बारेमा जानकारी गराउने । बाढी पहिरो आगलागि भएको तथा चत्याङ परेको स्थानहरुमा सावधानी पुर्वक अवलोकन गराइ यसको असरहरु बारेमा बताउने । बाढी पहिरो हुरीबतास आगलागी चत्याङ असिना भुइचालोबाट भएको क्षतिको तस्विरहरु प्रदर्शन गर्ने । भिडियो प्रदर्शन गर्ने छलफल गर्ने । यि विपदहरु मध्ये केहि रोक्न नसिने हुदा यसबाट बच्चे र क्षति न्यूनिकरण गर्ने बारेमा जानकारी गराउने । विपदबाट बच्न प्रायबाढी पहिरो गइराख्ने क्षेत्रमा घर तथा आवास नबनाउने भुकम्प प्रतिरोधात्मक घर संरचनावनाउने, चत्याङबाट | प्रश्नोत्तर<br>अवलोकन<br>रुजुसूची<br>व्यवहार अवलोकन |

| | | | | | |
|---|---|---|---|---|---|
| | | उपायहरु<br>• कोभिड -19 र यसका भेरियन्टहरु | | बच्न घरमा लाइटिङरड राख्ने आदि जस्ता विपदबाट बच्ने उपायहरु बताउने । पोष्टर तथा भिडियो प्रस्तुत गरि विषयबस्तुमा प्रष्टपार्ने ।<br>• कुनै स्थानमा प्राकृतिक विपद भएमा तत्काल उद्धार राहतको स्थानीय सरकार तथा प्रहरी कार्यालयमा सुरक्षा निकायमा जानकारी गराउनु पर्ने कुराबताउने ।<br>• कोभिड १९ को परिचय दिदै यो एक महामारी भएको यसले मावन स्वास्थमा विश्वोब्यापी विपद सिर्जागरेको बताउने<br>• कोभिड १९ बाट बच्ने उपायहरुको पोष्टरबारे छलफल गराउने<br>• कोभिङ -१९ र अन्य संक्रात्मक रोगबाट बच्नको लागि खोप तथा स्वास्थ्य मापदण्ड पालना गर्नु पर्ने बताउने | |

## १०.शिक्षण सिकाइ विधि तथा समय निर्धारण

एक शैक्षिक सत्रमा कक्षा १-३ मा ५ पाठ्यघण्टा ( Credit Hour) १ पाठ्य घण्टा बरावर ३२ घण्टा र बार्षिक १६० घण्टा शिक्षण सिकाइ सहजिकरण गर्नु पर्ने छ । यस मध्ये सैधान्तिक विषयको लागी ८० घण्टा र प्रयोगात्मक तथा परियोजना कार्यको लागी ८० घण्टा शिक्षण सिकाइ सहजीकरण गर्नु पर्ने छ । शिक्षणको माध्यम नेपाली भाषा वा अंग्रेजी भाषा वा रोल्पा नगरपालिका भित्र वोलिने मगर खाम भाषामा हुने छ ।

सिकाइ सहजीकरण प्रकृयमा प्रस्तुत पाठ्यक्रम शिक्षण तथा सहजीकरणका लागी विद्यार्थी केन्द्रित प्रयोगात्मक र बालमैत्री शिक्षण पद्धतिलाइ पुर्णरुपमा लागु गर्नु पर्ने छ । सवै प्रकारका सिकाइ आवश्यकता र चाहना भएका (फरक शारिरीक क्षमता भएका असाहय अशक्त कमजोर छात्रा दलित जनजाति आदि ) विद्यार्थीहरुलाइ समेत्ने गरि कक्षामा समावेशी शिक्षण पद्धतिको अवलम्बन गर्नु पर्ने छ ।विद्यार्थीहरुलाई परियोजना कार्य क्षेत्र भ्रमण सम्पदाको प्रत्यक्ष अवलोकन गराइ प्रतिवेदन प्रस्तुतिकरण र अभिलेखिकरण गर्न लगाउनु पर्ने छ । यसका लागी शिक्षकले उत्प्ररक प्रवर्धक सहजकर्ता खोजकर्ता अनुसन्धानकर्ता लगाएतको भुमिका निर्वाह गर्नु पर्ने हुन्छ ।

पाठ्क्रम सिकाइ सहजिकरण प्रकृया संचालन गर्दा सुचना तथा संचार प्रविधि डिजिटल प्रविधिको उच्चतम प्रयोग तथा उपयोग गर्नु पर्ने हुन्छ । शिक्षण सिकाइ सहजिकरण प्रकृयमा शिक्षक भन्दा विद्यार्थी वढी सक्रिय हुने गरेर सिक्ने अवसर प्रदान गर्ने क्रियाकलापमा आधारित हुनु पर्छ ।

सिकाई सहजीकरण विधि तथा प्रकृया

अपेक्षित सक्षमता र सिकाई उपलब्धि प्राप्तिका निम्ति उपयुक्तवातावरणको सिर्जना गरी शिक्षक विद्यार्थी र विषयवस्तुबिच सक्रिय अन्तरक्रिया गर्ने विधि वा प्रकृया सिकाई सहजिकरण हो । यो एक प्रकारको शिक्षण कला हो । यसमा सिकाई र बालमनो विज्ञानका निश्चित विधि तथा प्रकृया पनि अनुसरण गरिने भएकोले यो एक विज्ञान तथा सिद्धान्त पनि हो । सिकाई सहजिकरण प्रकृया विद्यार्थी केन्द्रित सान्दर्भिक र सिकाईका निम्ति सहयोगी हुनु पर्छ । यो योजनाबद्ध र सिकाई उपलब्धि उन्मुख वा प्रतिफल केन्द्रित हुनु पर्दछ । सहजिकरण प्रकृया विद्यार्थीलाई उत्प्रेरित गर्ने , सकृय वनाउने, रुचिजगाउने पनि हुनु पर्दछ । यस प्रकृयामा विद्यार्थी सकृय भई सिकाई क्रियाकलापमा संग्लन हुने र आवश्यकता अनुसार पृष्ठपोषण प्राप्तगरी सिकाईमा सुधार गर्न सक्ने अवसरपनि हुनु पर्छ । यो प्रकृया सिकारु र सिकाईका विविधतालाई सम्मान गर्ने र सवैलाई समावेश गर्ने समावेशी सिद्धान्तमा आधारित पनि हुनु पर्छ ।

एउटै प्रकारको सिकाई सहजिकरण विधि सधै र सवैतिर उपयुक्त हुननसक्ने भएकाले एउटै विषयबस्तु सिकाईका लागी पनि विविध विधि अपनाउन सकिन्छ ।त्यसैले शिक्षण विधि छनौट गर्दा सकभर विविधता कायम गर्नु पर्छ ।सिकाई सहजिकरणको विधि चयन गर्दा मुख्यरुपमा विद्यार्थीको पुर्व ज्ञान, रुचि,क्षमता , चाहना , उनीहरुको तहगत स्तर, विषय बस्तुको स्वरुप लगाएत उपलब्ध हुनसक्ने स्रोतसाधन , वातावरणिय अवस्था, शिक्षकको रुचि तथा तयारीलाई इत्यादिलाई विचार गर्नु पर्छ ।

आधारभुत तह कक्षा १-३ को यो स्थानिय पाठ्यक्रम स्थानिय विषय बस्तु गाउ/ठाउ सहरी /वरिपरि बाटो/माटो भेषभुषा भाषा पेशा ब्यवसाय समेतेर वनाईएको हुनाले केन्द्रिय पाठ्यक्रममा विभिन्न विषय बस्तु संग अन्तर सम्बन्ध स्थापना गरि विद्यार्थीहरुलाई जिज्ञासु उत्प्रेरित खोजमा तथा अनुसन्धानमा

तल्लिन वनाई सिर्जनसिलताको विकास गर्ने , सिकाईलाई ब्यवहारमा प्रयोग गर्ने क्षमताको विकास गर्ने र आफ्ना सिकाई अनुभवको विकास गरि संगठित ज्ञान हासिल गर्न सहयोग पुग्ने खालका सिकाई क्रियालपापमा जोडदिनु पर्छ । यसका लागि गरिने सिकाई सहजिकरण प्रकृयामा विद्यार्थी सकृयभई सिकाई कार्यमा सरिकहुने र स्थानिय वातावरणीय परिवेस संग अन्तरकृया गरेर सिक्न प्रोत्साहन गर्ने क्रियाकलापलाई प्राथमिकता दिनु पर्दछ ।

विद्यार्थीले कुनै सिकाई क्रियाकलाप पूरा गरेपछि देखाउन वा अनुभव गर्न सकिने  उपलब्धि प्राप्त हुने गरी सिकाइ प्रकृया र सिकाई क्रियाकलाप संचालन गर्नु पर्दछ ।

सिकारुको सर्वाङ्गीण विकास गर्ने उदेश्यवाट दुई वा दुई भन्दा वढी अन्तरसम्बन्धित विषय विच सहसम्बन्ध स्थापित गर्दै सिकारुले हाशिल गर्नु गर्ने सिकाइ उपलब्धि एवम् सक्षमतालाई केन्द्रमा राखि एकिकृत सिकाइ क्रियाकलाप सन्चालन गर्नु पर्छ । सिकाइका क्रममा विद्यार्थीहरुको सिकाइ सक्रियतालाइ विशेष ध्यान दिदै सैदान्तिक ज्ञान तथा सिपलाइ व्यावहारिक जीवन संग आबद्ध गर्नु पर्छ । सिकाइलाई वृहत विषय वस्तुमा केन्द्रि गराउने उदेश्यले दुई वा दुई भन्दा वढी विषय वस्तुहरुका  सान्दर्भिक पक्षहरुलाई अर्थपुर्ण तरिकाले अन्तरसम्बन्धित गरि एकिकृत पाठ्यक्रम निर्मान गर्ने पर्यास भएकोले विभिन्न विषय क्षत्रका सिकाई सक्षमतालाई सरल वात  जतिलतिरको क्रममा सिकारुले सो गतिमा सिक्नपाउने अवसर सिर्जना गरि सिकाइ व्यवस्थापन गर्नु पर्छ । विशिष्टिकृत विषय क्षेत्रहरुलाई पनि यथासम्भव अन्तर सम्वन्धित हुने गरि सिकारुको पुर्वज्ञान अनुभव संग समेत स्थापित गरि सिकाई प्रकृया संन्चालन गर्नु पर्छ।

प्रारम्भिक कक्षाहरुमा विद्यार्थी केन्द्रित शिक्षण सिकाइ क्रियाकलापमा जोडदिई कक्षालाई कक्षालाई जीवन्त बनाउन र विद्यार्थीलाई क्रियाशील बनाउन  शिक्षकले सहजकर्ताको भुमिका निर्वाह गर्नु पर्नेछ । विद्यार्थी केन्द्रित सिकाई क्रियाकलापबाट सिकाई प्रभावकारी हुने, बिषयबस्तुलाई  अन्तरसम्बन्धित गर्न सहज हुने , वालबालिकाहरुले ब्यवहारकुशल तथा जीवनोपयोगी सिप आर्जन गर्न सक्ने र उनीहरुको प्रतिभा प्रस्फुटन सहज हुने भएकोले सिकाइ सहजीकरण क्रियाकलाप संचालन गर्दा विद्यार्थी केन्द्रित र बालमैत्री शिक्षण विधि अपनाउनु पर्छ ।

सिकाइ सहजीकरण प्रकृयाकालागी केही मार्गदर्शन

कक्षा १-३ सम्मको सिकाइ सहजीकरण देहाय बमोजिम  सञ्चालन गर्नु पर्नेछ ।

बालवालिकाको  ब्यक्तिगत भिन्नता र क्षमताका आधारमा स्वतन्त्र रुपले सिक्ने मौका प्रदान गर्ने किसिमले कक्षा संचालन गर्नु पर्ने छ ।विविधतालाई ध्यानमा राखेर बालवालिकाको सिकाईलाई प्रोत्साहन गर्नु पर्छ । खेल गीत कविता कथाकथन प्रदर्शन श्रब्यदृश्य  सामाग्रीको प्रदर्शन मार्फत सिकाई कृयाकलाप सिकाइ क्रियाकलाप संचालन गरिनु पर्ने छ । यसका अतिरिक्त अवलोकन समुह कार्य परियोजना कार्य छलफल जस्ता विधिहरुका माध्यमबाट बालबालिकाको सर्वाङ्गीण विकासमा जोड दिनु पर्छ ।

सिकाइ सहजीकरण प्रकृया संचालन गर्दा विद्यार्थी केन्द्रित र बालमैत्री शिक्षण विधि अपनाई निरन्तर सिकाईमा जोड दिनु पर्छ ।

विद्यार्थीको सिकाइलाइ केन्द्रविन्दु मानि सिकाइ सहजिकरण कृयाकलाप संचालन गर्नु पर्ने छ। विद्यार्थीको सहभागितामा योजना निर्माण , परियोजना कार्य, क्षे        त्र भ्रमण समस्या समाधान खोजमुलक अध्ययन प्रवर्तनमुखी शिक्षण पद्धतिलाई सिकाइसहजीकरण विधिकोरुपमा कार्यान्नवय गर्नु पर्छ।

सिकाइ प्रकृया शैद्धान्तिक पक्ष भन्दा वढी गरेर सिक्ने अवसर प्राप्त गर्ने कृयाकलापमा आधारित हुनुपर्ने छ।

शिक्षकले सहजकर्ता, उत्प्रेरक,प्रबर्धक, र खोजकर्ताको रुपमा भुमिका निर्वाह गर्नु पर्ने छ ।

पठनपाठनमा सुचना तथा संचार प्रविधिलाई उपलब्ध साधन स्रोत र आवश्यकताअनुसार उपयोग गर्नु पर्नेछ ।

सवैप्रकारका सिकाइ चाहना र आवश्यकता भएका (अपाङ्गता, अशक्त,असहाय,कमजोर आदि) विद्यार्थीलाई समेट्ने गरी कक्षामा समावेशी सिकाइ सहजीकरण प्रकृया अपनाउनु पर्ने छ।

भाषिक कठिनाका कारण सिकाइमा बाधा नहुने सुनिश्चत गर्न यथासम्भव बालबालिकाको मातृभाषा,घरमा बोलिने भाषामा  सञ्चार गरी सिकाइ क्रियाकलापमा सकृय सहभागी हुने वातावरण तयार गर्नु पर्ने छ ।

सिकाइ कृयाकलापमा शिक्षक  र सिकारु तथा सिकारु र सिकारु विचको अन्तरकृया, समुह सिकाइ , सिकाइकालागी मुल्याङ्कन, शिक्षक शिक्षक सहकार्य, शिक्षक - समुदाय सहकार्य जस्ता सहकार्यालाइ बढावा दिनुपर्नेछ ।

सिकाइ र दैनिक जीवनसग विषयवस्तुको तालमेल,पुर्वअनुभवमा आधारित ज्ञान तथा सिप विकास , ब्यवहार कुशल सिप र सिकाइ बिचको सहसम्बन्ध हुने गरी जिवन्त अनुभवसंगको तादाम्यता कायम गर्नु पर्नेछ ।

बालकेन्द्रित, सिकाइ केन्द्रित, अनुभव केन्द्रित, उदेश्यमुलक र विविधतामा आधारित सिकाइ सहजीकरण विधिको प्रयोग(परियोजना कार्य,घटना अध्ययन, खोज अनुसन्धानमा आधारित शिक्षण,सहपाठी सिकाइ आदि)गरी सकृय सिकाइ सहजीकरण विधिको प्रयोग गर्नु पर्नेछ ।

सिकाइ सहजिकरण क्रियालापमा सिकारुको सिकाइ अनुगमन, विद्यालय तथा परीवारमा सहज सिकाइ वातावरण विकास , पुर्वज्ञानमा आधारित विषयबस्तुको छनोट,समुदाय परिचालन जस्ता कार्यवाट विद्यालय समुदायको सम्बन्ध जोड्नु पर्ने छ।

सिकारुको रुचि र सिकाइ गति एवम् सिकारुको सकृय सहभागितामा सिकाइ क्रियाकलाप चयन र कार्यान्वयन गर्दै स्वस्फुर्त सिकाइमा जोड दिनु पर्नेछ ।

शिक्षक विद्यालय तथा विद्यार्थीलाई सिकाइ सहजिकरण क्रियाकलाप चयन, सञ्चालनर मुल्याङ्कनमा आवश्यक सहयोग , निरन्तर पेशागत छलफल, सहकार्य र अनुभव आदान प्रदान गर्दै शैक्षिक परिवर्तनका लागि सहयोगमा प्राथमिकता दिनुपर्नेछ ।

सिकाइलाई दैनिक जीवनपद्धति सँग आवद्धता गर्दै ब्यवहार कुशल सिप हासिल गर्ने सिकाइको खण्डिकरण हुन नदिइ एकविषय क्षेत्रको सिकाइले अर्को विषयक्षेत्रको सिकाइलाई सहयोग गर्ने गरी एकिकृत सिकाइमा जोड दिनु पर्ने छ।

एकिकृत  पाठ्यक्रमले सिकाइकालागी सरलवाट जतिलतिरको स्पष्ट मार्ग निर्देशन गर्छ। सरल विषयक्षेत्रवाट क्रमशःजतिल विषय क्षेत्रमा प्रवेश गर्दैजान मार्ग प्रशस्त गर्ने र सिकाइ सहजीकरण पनि विद्यार्थीको सिकाइ गति वमोजिम गर्न स्वगतिमा हुने सिकाइमा जोड दिनुपर्ने छ।

सिकाइ सहजीकरण विधि तथा प्रकृयाको छनोट गर्दा ध्यानदिनु पर्ने पक्ष

१.सक्षमता र सिकाइ उपलब्धिहरु

२.विषय बस्तुको स्वरुप

३. बालमनोविज्ञान

४. स्रोत साधनको उपलब्धता

५.विद्यालयको बातावरण र शिक्षण सिकाइ परिस्थिति

६. समय र विद्यार्थी संख्या

७. शिक्षकको योग्यता, क्षमता र रुची

विद्यार्थी केन्द्रित र क्रियाकलापमुखी सिकाइलाई सहयोग पुर्याउने सम्भाब्य केहि शिक्षण सिकाइ विधिहरुः

१ सिर्जनात्मक कार्य

२ खेल विधि

३ प्रयोगात्मक विधि

४ कथाकथन एवम् गीत

५ आगमन विधि

६ अभिनय/ भुमिका निर्वाह विधि

७ सहयोगात्मक कक्षा

८ छलफल

९ प्रश्नोतर

१० अन्वेषन , अनुसन्धान तथा खोज विधि

११ समस्या समाधान विधि

१२ प्रविधियुक्त कक्षा

१३ निर्माणात्मक कक्षा

१४ क्षेत्र भ्रमण विधि

१५ प्रदर्शन विधि

१६ स्वाध्ययन तथा छलफल

१७ अन्तरक्रिया

१८ उदाहरण र प्रयोग

१९ श्रव्यवाच्यका आधारमा सिकाइ सहजीकरण

११.विद्यार्थी मूल्याङ्कन

आधारभूत तहको कक्षा १-३ मा औपचारिक प्रकृतिको आवधिक परीक्षा सञ्चालन गरी विद्यारथीको सिकाइको मूल्याङ्कन अर्थात निर्णयात्मक प्रयोजनको परम्परागत पद्दतिको मूल्याङ्कनले बालवालिकालाई सिकाइकालागि प्रोत्साहन गर्ने र सिकाइका सहयोग गर्ने कार्यमा योगदान गर्न सक्दैन भन्ने कुरालाई आत्मसात गरीएको छ । यस सन्दर्भमा विद्यार्थी मूल्याङ्कनले उनीहरुलाई सिकाइका लागि प्रोत्साहन गर्नुका साथै सिकाइसुधारका लागी मार्गप्रशस्त गर्नु पर्दछ । भन्ने दृष्टिकोणमा आधारित भई कक्षाकोठामा आधारित मूल्याङ्कनका प्रकृया रणनिति तथा साधानहरु प्रयोग गर्नु आवश्यक छ। कक्षाकोठामा आधारीत मूल्याङ्कनका लागि विभिन्न किसिमका साधानहरु प्रयोग गरेर विद्यार्थीको

सिकाइको निरन्तर लेखाजोखा गरी शिक्षण सिकाइ प्रकृयाको अभिन्न अंङ्गका रुपमा अभ्यास गरी सिकाइ सुधारमा उपयोग गरीन्छ ।

कक्षाकोठामा  आधारीत यस्तो मूल्याङ्कनको अभिलेखालाइ सञ्चित गरी आवश्यकताअनुसार सिकाइको मुल्याङ्कनका रुपमा अर्थात विद्यार्थिको सिकाइस्तर पहिचान गर्ने प्रयोजनमा पनि प्रयोग गर्न सकिने हुन्छ । यसरी निर्मानात्मक उदेश्यले गरिने कक्षाकोठामा आधारित मूल्याङ्कनको अभिलेखलाई निर्णयात्मक प्रयोजनमा पनि प्रयोग गर्न सकिने भएकोले यस्तो मूल्याङ्कन पद्दतिलाई निरन्तर मूल्याङ्कन पद्दति पनि भन्ने गरिन्छ । आधारभूत तहको कक्षा १-३ मा गरिने विद्यार्थी मूल्याङ्कनको मुख्य उदेश्य सिकाइ सुधार गर्ने निर्माणात्मक हुने भए पनि आवश्यकताअनुसार यसको अभिलेख व्यवस्थित गरी समग्र सिकाइस्तर निर्धारण गर्ने प्रयोजनमा पनि प्रयोग गर्न सकिन्छ ।

आधारभुत तह कक्षा १-३ को एकिकृत संरचनाको पाठ्यक्रम अनुसार  चारवटा विषय क्षेत्र नेपाली,  गणित, हाम्रो सेरोफेरो र अंग्रेजी भाषा विद्यार्थी मूल्याङ्कन लागी प्रयोग गरिने विधि प्रकृया र साधन पहिचाहन गरि यस मार्ग दर्शनमा अपेक्षित सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर मुल्याङ्कन तथा सुधारात्मक सिकाइको अभिलेखिकरण गर्ने तरिका र अभिलेखन साधन समेत समावेश गरिएको छ ।यसैका आधारमा यस स्थानीय पाठ्यक्रममा विद्यार्थीको आवश्यक मुल्याङ्कनका लागी आवश्यक साधन तथा प्रकृयाको विकास गरि अभिलेखन गर्न सकिने छ ।

विद्यार्थी मूल्याङ्कका सम्भाब्य तरिका तथा साधनहरु

| क्र.स. | मूल्याङ्कनका तरिका | मूल्याङ्कनका साधन | कैफियत |
|---|---|---|---|
| १ | कक्षा सहभागिता | अवलोकन, रुजुसुची,रुव्रिक्स , श्रेणी मापन ,मौखिक प्रश्न, फाराम, घटना वर्णनआदि | |
| २ | प्रयोगात्मक कार्य | अवलोकन, रुजुसुची,रुव्रिक्स , श्रेणी मापन ,मौखिक प्रश्न, | |
| ३ | मौखिक कार्य | प्रश्न, चित्र, पठनसामग्री, सन्दर्भ, घटना, श्रब्य तथा दृश्य सामाग्री | |
| ४ | लिखित कार्य | प्रश्न छोटा परीक्षा घटनासन्दर्भ, घटना, श्रब्य तथा दृश्य सामाग्री | |
| ५ | कार्य सम्पादन तथा प्रदर्शन | अवलोकन रुजुसुची श्रेणी मापन मौखिक प्रश्न | |
| ६ | सहपाठी मूल्याङ्कन | सहपाठी मूल्याङ्कन , अवलोकन, रुजुसुची | |
| ७ | स्वमूल्याङ्कन | रुजुसुची, श्रेणी मापन | |
| ८ | अविभावकको प्रतिक्रिया | अवलोकन फाराम, रुजूसूची, श्रेणी मापन | |
| ९ | कुराकानी छलफल | रुजूसूची, अवलोकन ,श्रेणी मापन | |

माथि उल्लिखित मूल्याङ्कन तरिका तथा साधन मध्ये उपयुक्त तरिका तथा साधनको प्रयोग गरि प्रत्येक सिकाइ  उपलब्धिमा विद्यार्थीको  उपलब्धि परिक्षण गरेर उपलब्धि स्तरलाई निम्नअनुसार रेटिङ गर्नुपर्दछ।

१२.विद्यार्थी उपलब्धि स्तर र त्यसको सामान्य ब्याखा

| उपलब्धि स्तर | मापन | उपलब्धिस्तरको सामान्य ब्याख्या |
|---|---|---|
| कमजोर(below basic) | १ | मुख्य सिकाइ उपलब्धि हासिल गर्न नसकेको, सवैजसो सिकाइ उपलब्धिका लागि सुधारात्मक सिकाइ आवश्यक भएको |
| सामान्य(basic) | २ | मुख्य सिकाइ उपलब्धि आंशिक रुपमा हासिल गरेको तर सुधारात्मक सिकाइ आवश्यक भएको |
| राम्रो(proficient) | ३ | मुख्य सिकाइ उपलब्धि धेरै जसो हासिल गरेको र सुधारात्मक सिकाइ आवश्यक भएको |
| उच्च(Advance) | ४ | मुख्य सिकाइ उपलब्धि हासिलभइ माथिल्लोस्तरको उपलब्धि समेत हासिल गरेको |

**१३.पाठ्यक्रम परिक्षण तथा कार्यान्वयन योजना**

| कक्षा | शैक्षिक बर्ष र परीक्षण तथा कार्यान्वय बर्ष | |
|---|---|---|
| | शैक्षिक बर्ष २०७७ | शैक्षिक बर्ष २०७८ |
| १ | परीक्षण | कार्यान्वयन |
| २ | परीक्षण | कार्यान्यवन |
| ३ | परीक्षण | कार्यान्वयन |

**१४.पाठ्यक्रम सुधार, परिमार्जन र मुल्याङ्कन**

पाठ्यक्रम एक गतिशिल दस्तावेज तथा प्रकृया हो । विकास गरिएको पाठ्यक्रमको परिक्षण तथा कार्यान्वयन भए पछि प्राप्त हुने पृष्ठपोषणका आधारमा सुधार तथा परिमार्जन कार्य निरन्तर हुने गर्दछ । स्थानिय पाठ्क्रमको विकास स्थानिय स्तरमा रहेका सामाजिक मूल्य मान्यता, मातृभाषा,पेशा ब्यवसाय, प्राकृतिक अवस्था तथा बर्तमान सन्दर्भलाई विश्लेषण गरेर सोही अनुरुप गरिएको छ । यस्ता सन्दर्भमा आएका परिवर्तनले स्वभाविकरुपमा पाठ्यक्रम परिमार्जनको आधार सिर्जना गर्दछन।

विद्यार्थी मूल्याङ्कन

स्थानीय विषयको पाठ्यक्रमले अपेक्षा गरेका सक्षमता र सिकाइ उपलब्धि हासिल भए नभएको सुनिश्चित गर्न निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कन अवलम्बन गरिने छ । निर्माणात्मक मूल्याङ्कनको मूख्य उद्देश्य निरन्तर मूल्याङ्कन र पृष्ठपोषणका माध्यमबाट विद्यार्थीको सिकाइमा सुधार गर्नु हो ।सिकाइका लागि गरिने यस्तो निर्माणात्मक मूल्याङ्कन शिक्षण सिकाइ प्रकृयाको अभिन्न अङ्गको रुपमा रहनु पर्दछ । निर्माणात्मक मूल्याङ्कनमा विद्यार्थीको मूल्याङ्कनका लागि विभिन्न औपचारिक तथा अनौपचारिक तरिकाको प्रयोग गर्नु पर्दछ ।

सिकाइका लागि विद्यार्थी मूल्याङ्कन गर्दा पाठ्यक्रमले निर्धारण गरेको सिकाइ उपलब्धि विद्यार्थीले हासिल गरेको गरे नगरेको लेखाजोखा गर्नु पर्दछ र सिकाइ उपलब्धि हासिल गरेको अबस्थाअनुसार विद्यार्थीको सिकाइमा सहयोग गर्नु पर्दछ । विद्यार्थीको सिकाइ स्तर मूल्याङ्कनका लागि विद्यार्थीको कार्य तथा समस्यमा समाधानको अवलोकन, मौखिक तथा लिखित प्रश्नोतर, कक्षा, एकाइ तथा त्रैमासिक परीक्षा, ब्यवहार अवलोकन गर्न सकिन्छ । यसका लागि ब्यवहार अवलोकन फाराम,विभिन्न क्षमताका सिकाइ मापन गर्ने प्रश्नहरु ब्यावहारिक समस्यालगाएतका कक्षा सहभागिता , कक्षा कार्य, गृहकार्य, परियोजनाकार्य , प्रयोगात्मक कार्य आदिमा विद्यार्थीको सहभागिता र उपलब्धिको विषयमा शिक्षकको अभिलेख आदि साधनहरु प्रयोग गर्न सकिन्छ । यस्तो मुल्याङ्कन विषयबस्तुको प्रत्येक क्षेत्र वा एकाइ अन्तरगतका मुख्य सिकाइ उपलब्धिमा विभिन्न साधनहरुको प्रयोग गरि विद्यार्थीको सिकाइ स्तर परिक्षण गर्न सकिन्छ । यसरी सिकाइ उपलब्धि परिक्षण गर्दा विद्यार्थीले न्यूनतम सिकाइस्तर हासिल नगरेको पाइएमा सुधारात्मक सिकाइको अवसर प्रदान गरि गर्नु पर्दछ ।पटकपटको सुधारात्मक सिकाइ पश्चातपनि न्युनतम सिकाइ स्तर हासिल गर्न नसेक्ने विद्यार्थीका लागि उपचारात्मक सिकाइ योजना निर्माण गरि त्यस्ता विद्यार्थीहरुलाइ सहयोग गर्नु पर्दछ ।

स्थानीय पाठ्यक्रमले निर्धारित सिकाइ सिकाइ उपलब्धि हासिल भए नभएको  लेखाजोखा गर्नको लागि आन्तरिक मूल्याङ्कन (निर्माणात्मक मूल्याङ्कन) र निर्णयात्मक मूल्याङ्कन प्रयोगमा जोड दिएको छ । यसको लागि आन्तरिक मूल्याङ्कनको ५० प्रतिशत र अन्तिम परीक्षाबाट बाकी ५० प्रतिशत समावेश गरिने छ । आन्तरिक मूल्याङ्कनको ५० भारलाई समेत निर्णयात्मक मूल्याङ्कनमा समावेश गरी विद्यार्थीको समग्र मूल्याङ्कनलाई १०० प्रतिशतमा  गर्नु पर्ने प्रावधान राखिएको छ ।

(क)आन्तरिक मूल्याङ्कन

निर्माणात्मक मूल्याङ्कनको अङ्कको  निश्चिचभार आन्तरिक मूल्याङ्कनका रुपमा समावेश गरिने छ । यसका लागि निर्माणात्मक मूल्याङ्कनलाई अभिलेखिकरण गरी प्रत्येक विद्यार्थीको कार्य सञ्चियिका (Portfolio) ब्यवस्थित गरि राख्नु पर्छ । यस्तो अभिलेखका आधारमा निम्नलिखित पक्षमा तोकिए अनुसारको भार अङ्क आन्तरिक मूल्याङ्कनको रुपमा समावेश गरिने छ ।

| सि.न. | मूल्याङ्कनका पक्ष | भार | कैफियत |
|---|---|---|---|
| १ | सहभागिता: नियमितता र सिकाइ सहभागिता | ४ | सहभागिता अन्तरगत हाजिरी, कक्षा कार्य, परियोजना कार्य, प्रयोगात्मक कार्य, समूहकार्य लगाएतका अन्य पक्ष रहने छन्। |
| २ | प्रयोगात्मक परियोजना कार्य | ३६ | कक्षागतरुपमा  प्रयोगात्मक र परियोजना कार्य संचालनका लागि योजना निर्माण, सञ्चालन, अभिलेखिकरण प्रस्तुतीकरण, कार्यमा लगनशिलता, समुहकार्यमा संग्लनता सहयोगको आदानप्रदान , अन्तरबार्ता लगाएतका पक्षहरु समावेश गरि मूल्याङ्न गर्नुपर्ने छ । |
| ३ | त्रैमासिक परीक्षा (पहिलो त्रैमासिक | १० | पहिलो त्रैमासिकको लागि ५ अंकभार र अर्धबार्षिक परीक्षाको लागि ५ अंकभार हुने छ । |
| जम्मा | | ५० | |

( ख) अन्तिम मूल्याङ्कन

निर्णयात्मक मूल्याङ्कनमा अन्तिम परीक्षाको भार ५० प्रतिशत हुने छ । प्रत्येक परीक्षामा प्रश्न सोध्दा शैक्षिक सत्रको सुरुदेखि पढाइ भएका सबै पाठहरुबाट समेटिएको हुनु पर्ने छ । यस विषयको परीक्षमा विशेष गरेर ज्ञान र बोध , प्रयोग र उच्च दक्षतामा आधारित प्रश्नहरु हुने छन् । पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धिअनुरुप विद्यार्थीले ज्ञान सीप अभिवृति प्राप्त गरे नगरेको मूल्याङ्कन गरी त्यसको आधारमा प्रमाणिकरण गरिन्छ । अन्तिम परीक्षाको प्रश्नपत्र निम्न लिखित विशिष्टिकरण तालिका अनुसार निर्माण गरी उपलब्धि परीक्षा लिनुपर्ने छ । यहा कक्षा ५ को विशिष्टिकरण तालिका बनाइएको छ। यसलाई आधार लिई स्थानीय विषयको अध्यापन गर्ने शिक्षकले शिक्षकले कक्षा ४ को विशिष्टिकरण तालिका वनाइ प्रयोग गर्न सक्नेछन् ।

विशिष्टीकरण तालिका

## प्रश्न योजना तथा अङ्कभार वितरण

| एकाइ | विधा र क्षेत्र | पाठ्य घण्टा | ज्ञान | | | बोध | | | प्रयोग | | | उच्च दक्षता | | | जम्मा प्रश्न संख्या | | | जम्मा अंकभार | | | जम्मा अंक |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | बहु वैकल्पिक | छोटो | लामो | बहु वैकल्पिक | छोटो | लामो | बहु वैकल्पिक | छोटो | लामो | बहु वैकल्पिक | छोटो | लामो | बहु वैकल्पिक | छोटो | लामो | बहु वैकल्पिक | छोटो | लामो | |
| १ | हाम्रो रोल्पा नगरपालिका | १२ | | | | १ | | | | | | | | | १ | १ | १ | १ | २ | ४ | ७ |
| २ | शासन ब्यवस्था(स्थानीय सरकार) | १५ | १ | | | | | | | | | | | | १ | | १ | १ | | ४ | ५ |
| ३ | हाम्रो समाज र संस्कृति | १५ | | | | १ | | | | | | | | | १ | १ | | १ | २ | | ३ |
| ४ | स्वास्थ्य र पोषण | १० | | | | | | | १ | | | | | | १ | | १ | १ | | ४ | ५ |
| ५ | हाम्रो शिक्षालय | १० | | | | | | | १ | | | | | | १ | | १ | १ | | ४ | ५ |
| ६ | परम्परागत प्रविधि र आधुनिक सूचना प्रविधि | १५ | १ | | | | | | | | | | | | १ | | १ | १ | | ४ | ५ |
| ७ | हाम्रो आर्थिक कृयाकलाप | १५ | | | | १ | | | | | | | | | १ | | १ | १ | | ४ | ५ |
| ८ | यातायात तथा भौतिक पुर्वाधार | १० | | | | १ | | | | | | | | | १ | १ | | १ | २ | | ३ |
| ९ | प्राकृतिक सम्पदा र बातावरण | १४ | | | | १ | | | | | | | | | १ | १ | १ | १ | २ | ४ | ७ |
| १० | विपद ब्यवस्थापन तथा जोखिम न्यूनिकरण | १० | | | | | | | १ | | | | | | १ | | १ | १ | | ४ | ५ |
| जम्मा | | १२८ | | | | | | | | | | | | | १० | ५ | ६ | १० | ८ | ३२ | ५० |

प्रश्न निर्माण गर्दा निम्न तहका प्रश्न ज्ञान बोध र प्रयोग तथा उच्च तहका प्रश्न (विश्लेषण मूल्याङ्कन र सिर्जना) सवै तहका प्रश्नहरु र सवै एकाईको पाठ्यघण्टालाई ध्यानमा राखेर प्रश्न बनाउनुपर्ने छ । बहुबैकल्पिक प्रश्न १ अंक छोटो प्रश्न २ अंक र लामो प्रश्न ४ अंकका दरले सोध्नु पर्दछ ।